ग्राहक प्रति

वर्ष २० | अंक १८९ | काठमाडौं | शुक्रवार, ५ वैशाख २०८२ | Friday, 18 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

उत्पादन कर्णालीमा व्यापार काठमाडौंमा २

बादी सरोकार मञ्चलाई सिटिजन लाइफ इन्स्योरेन्सको सहयोग ३

बजेट मन्थनको कर्मकाण्ड ४

अमेरिकाको २४५ प्रतिशत भन्सारको अब केही अर्थ छैन : चीन ८



**मौसमी फ्लु रोकथामका उपाय**

➤ बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम राखौं,
➤ खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
➤ पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं,
➤ सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
➤ बेलाबेलामा साबुनपानीले हात धुऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
➤ प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
➤ लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चालू वर्षको दोस्रो त्रैमासमा उद्योगको अवस्था

# क्षमता उपयोग र आयमा सुधार

**अभियान संवाददाता**

काठमाडौं

देशको अर्थतन्त्र सुधारोन्मुख देखिएको संकेत गर्दै चालू आर्थिक वर्ष (आव) २०८१/८२ को दोस्रो त्रैमासमा उद्योगहरूको क्षमता उपयोग र आयमा वृद्धि देखिएको छ ।


नेपाल उद्योग परिसंघले ६४ ओटा उत्पादनमूलक र सेवाक्षेत्रसँग सम्बद्ध उद्योगहरूलाई समेटेर गरेको सर्वेक्षणको आधारमा तयार गरेको प्रतिवेदनअनुसार चालू आवको दोस्रो त्रैमासमा उद्योगहरूको औसत क्षमता उपयोग ६२ दशमलव ३५ प्रतिशत रहेको छ । अघिल्लो त्रैमासमा समग्र क्षमता उपयोग ६० दशमलव २६ प्रतिशत थियो ।


खासगरी उत्पादनमूलक (म्यानुफ्याक्चरिङ) उद्योगहरूको क्षमता उपयोग बढेकोले जम्मा क्षमता उपयोगमा सुधार भएको परिसंघले तयार गरेको उद्योगको अवस्थासम्बन्धी प्रतिवेदनमा उल्लेख छ । सेवाक्षेत्रका उद्योगका क्षमता उपयोग भने केही घटेको छ । सर्वेक्षणमा सेवाक्षेत्रका ५३ दशमलव १२ प्रतिशत उद्योगहरू समेटिएका थिए ।

क्षमता उपयोगमा सुधार भएसँगै उद्योगहरूको आम्दानीमा पनि सुधार भएको छ । प्रतिवेदनअनुसार दोस्रो त्रैमासमा उनीहरूको आय १२ दशमलव ३३ प्रतिशतले बढेको छ जबकि पहिलो त्रैमासमा आय १० दशमलव २६ प्रतिशतले बढेको थियो ।

राष्ट्रिय तथ्यांक कार्यालयले दोस्रो त्रैमासमा आर्थिक वृद्धिदरमा सुधार भएको अनुमान लगाएको बेला यस्तो सुधार देखिएको छ । तथ्यांक कार्यालयले चालू आवको दोस्रो त्रैमासको आर्थिक वृद्धिदर अघिल्लो आर्थिक वर्षको सोही त्रैमासको तुलनामा ५ दशमलव १ प्रतिशत बढी हुने प्रक्षेपण गरेको छ ।

बजारमा माग नै सृजना नभएकाले उद्योगहरूको उत्पादन घटेको विश्लेषण भइरहेको बेला यो प्रतिवेदनले मागमा अघिल्लो त्रैमासको तुलनामा १९ दशमलव ६७ प्रतिशतले वृद्धि भएको देखाएको छ । म्यानुफ्याक्चरिङ उद्योगका सामानको माग भने १२ दशमलव ९३ प्रतिशतले बढेको परिसंघले बताएको छ । हालै उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पनि गत २ आवमा अर्थतन्त्रमा माग सृजना नभएको कारण अर्थतन्त्रमा सुधार हुन नसकेको जानकारी दिएको छ ।




सर्वेक्षणमा समेटिएका उद्योगीहरूले आगामी तेस्रो त्रैमासमा व्यापारमा सुधार आउने आशा भने गरेका छैनन् । म्यानुफ्याक्चरिङ उद्योगहरू चलाइरहेका सञ्चालकहरूमा त्यस्तो आशा तुलनात्मक रूपमा कम रहेको परिसंघले जनाएको छ । तर पनि धेरैले अर्को त्रैमासमा लगानी बढाउने योजना बनाएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार ६२ दशमलव ५ प्रतिशत उद्योगीले अर्को त्रैमासमा नयाँ लगानी गर्ने योजना बनाएका छन् ।

## पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माण

# चरम अनियमितता भएको संसदीय उपसमितिको निष्कर्ष

**नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई तत्काल निलम्बन गरी थप अनुसन्धान गर्न र सम्पत्ति शुद्धीकरण असुरमा मुद्दा चलाउन सिफारिश**

**विजय दमासे**

काठमाडौं

विवादित पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणका क्रममा अर्बौं रुपैयाँ आर्थिक अनियमितता भएको संसदीय छानबिन उपसमितिले निष्कर्ष निकालेको छ ।

संसद्‌को सार्वजनिक लेखासमितिले गठन गरेको राजेन्द्र लिङ्देन संयोजकत्वको उपसमितिले पोखरा विमानस्थल निर्माण गर्दा विभिन्न शीर्षकमा ठेकेदारलाई अनावश्यक भुक्तानी गरी आर्थिक अनियमितता गरेको निष्कर्ष निकालेको हो ।

उपसमितिको छानबिनबाट तत्कालीन खिलराज रेग्मी नेतृत्वको चुनावी सरकारले नीतिगत निर्णयको आवरणमा पोखरा विमानस्थलको लागत बढाएर २० अर्ब रुपैयाँभन्दा बढी पुऱ्याई अनियमितता गरेको निष्कर्ष निस्केको छ । रेग्मी सरकारले सर्वोच्च अदालतका पूर्वरजिस्ट्रार डा. रामकृष्ण तिमिल्सिनाको नेतृत्वमा लागतबारे सुझाव दिन विज्ञ टोली गठन गरेको थियो ।

तिमिल्सिना नेतृत्वको समितिले इन्जिनीयरिङ, खरीद र निर्माण (ईपीसी) मोडलका आधारमा निर्माण हुने भन्दै लागत बढाउन सुझाव दिएको थियो । यस्तो मोडलमा डिजाइन, खरीद र निर्माणमा एउटै ठेकेदार जिम्मेवार हुन्छ र यस्तो ठेक्काको लागत केही बढी हुने गर्छ । नियोजित रूपमा गठित उक्त समितिकै सुझावलाई आधार बनाउँदै रेग्मी नेतृत्वको मन्त्रिपरिषद्ले २०७० भदौ २९ गते नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृत बजेट सीमाभित्र रहने गरी विमानस्थल निर्माणका लागि ठेक्का लगाउन स्वीकृति दिएको पाइएको छ ।

### उपसमितिले के के भन्यो ?


- अनावश्यक कर छूटलगायत अर्बौं रूपैयाँको आर्थिक अनियमितता
- ठेक्का रकमबाटै खर्च गर्नुपर्ने ठाउँमा पनि अतिरिक्त खर्च
- धावनमार्ग डीपीआरले भनेभन्दा २० फिट गहिरो बनाउँदा ठूला विमान उड्न समस्या
- ३० मीटरमात्र काट्नुपर्ने छिनेडाँडा ४० मीटर काटियो
- फिलिङ गर्ने ढुंगामाटो पाँच किलोमिटर परबाट ल्याउनुपर्नेमा त्यहीँको हालियो

**शीर्षकपिच्छे अनियमितता**

विमानस्थल निर्माणका क्रममा करछुटसँगै अस्वाभाविक खर्च र अनियमित ढंगले काम गरेको उपसमितिको निष्कर्ष छ । शीर्षकैपिच्छे अर्थात् एक दर्जनभन्दा बढी शीर्षकमा अनियमितता भएको निष्कर्षसहित प्रतिवेदन तयार पारेको समिति सदस्यहरुले बताएका छन् । उनीहरूका अनुसार प्रतिवेदनमा ठेकेदारलाई २ अर्ब २२ करोड रुपैयाँ कर छूट दिएको, ठेक्काभित्रैबाट गर्नुपर्नेमा छिनेडाँडा विमानस्थल कटान गर्न थप ३२ करोड २ लाख नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) बाट खर्च गरेको प्रतिवेदनमा उल्लेख छ ।

ठेक्काबाट गर्नुपर्ने खर्चबाहेक विमानस्थलमा एसी जडान गर्न ७ लाख ४२ हजार डलर, नाली खन्न १ करोड ६४ लाख डलर, माटो खन्न ४४ लाख डलर, बाहिरबाट माटो ल्याउन ५५ लाख डलर ठेक्काबाटै गर्नुपर्नेमाा क्यानले आफ्नो बजेटबाट खर्च गरेर अनिमियता गरेको पाइएको छ ।

» बाँकी पृष्ठ ५ मा




# करेन्ट चाउचाउ उत्पादक कम्पनीको आयमा छलाङ

**प्रशान्त खड्का**

काठमाडौं

लोकप्रिय करेन्ट चाउचाउ उत्पादक कम्पनी यशोदा फुड्सको वार्षिक कारोबार केही वर्षयता व्यापक बढेको कम्पनीको क्रेडिट रेटिङ प्रतिवेदनले देखाएको छ । कम्पनीले २ अर्ब रुपैयाँ कर्जा लिन केयर रेटिङ नेपालबाट गराएको क्रेडिट रेटिङ प्रतिवेदनअनुसार गत आर्थिक वर्ष (आव) २०८०/८१ मा कम्पनीको सञ्चालन आय १८ दशमलव ४५ प्रतिशतले बढेर ५ अर्ब ८६ करोड ९० लाख रुपैयाँ पुगेको छ । कम्पनीले चालू आव २०८१/८२ को पहिलो महीनामै ५ अर्ब २ करोड रुपैयाँ सञ्चालन आम्दानी गरिसकेको छ ।

आव २०७८/७९ मा ३ अर्ब ४३ करोड २० लाख रुपैयाँ रहेको कम्पनीको सञ्चालन आय अघिल्लो आर्थिक वर्षको भन्दा झन्डै ७१ प्रतिशत बढी हो । बैंक, वित्तीय संस्थाबाट ५० करोड रुपैयाँभन्दा बढी कर्जा लिन क्रेडिट रेटिङ अनिवार्य गराउनुपर्ने राष्ट्र बैंकको निर्देशन छ ।

सन् २०७४ मा करेन्ट चाउचाउ उत्पादन शुरू गरेको कम्पनीले पछिल्लो समय उत्साहजनक व्यापार गरिरहेको सञ्चालन आयमा देखिएको बढोत्तरीले पुष्टि गरेको छ । गत आवमा कम्पनीले उत्पादन गर्ने स्न्याक्सको बिक्री डेढ गुणा बढेको छ ।

रेटिङ एजेन्सीले सार्वजनिक गरेको विवरणअनुसार कम्पनीले पछिल्लो समय आफ्नो उत्पादन क्षमता बढाएको र उत्पादन विविधीकरण गरेकोले यसको आय बढेको हो । यसले करेन्ट ब्रान्डको चाउचाउका अतिरिक्त सोही ब्रान्डमा चिजबल, पोटेटो क्र्याकर, पोटेटो स्टिक, ओनियन रिङ, कोदो रागी, रोस्टेड मखन, ह्वोट चिप्स र नम्किन्सहरू पनि उत्पादन गरी बजारमा ल्याएको छ ।

**यशोदा फुड्सको सञ्चालन आयको अवस्था**

| आर्थिक वर्ष | सञ्चालन आय |
|---|---|
| २०७८/७९ | रू. ३.४३ अर्ब |
| २०७९/८० | रू. ४.९५ अर्ब |
| २०८०/८१ | रू. ५.८६ अर्ब |
| २०८१/८२ (८ महीना) | रू. ५.०२ अर्ब |

*स्रोत : केयर रेटिङको प्रतिवेदन*


**कम्पनी फोकस**


रूपन्देही जिल्लाको तिलोत्तमा १५ मा रहेको यशोदा फुड्स प्रालिको कारखानाको क्षमता उपयोग तुलनात्मक रूपमा उच्च छ । गत आवमा क्षमता उपयोग ६९ दशमलव १९ प्रतिशत रहेको क्रेडिट रेटिङ विवरणमा उल्लेख छ । अन्य उत्पादन विविधीकरणमा कम्पनीले जोड दिएकाले जम्मा उत्पादनमा चाउचाउको अंश अघिल्लो आव २०७९/८० को ७९ प्रतिशतबाट गत आव २०८०/८१ मा ७५ प्रतिशतमा झरेको प्रतिवेदनमा उल्लेख छ ।


गत साउनमा यशोदा फुड्स आफ्नो पूर्ण स्वामित्वमा रहेको सहायक कम्पनी यशोदा नुडल्स एन्ड स्न्याक्स प्रालिसँग गाभिएको थियो । यसपछि कम्पनीको उत्पादन क्षमता बढेको छ ।

मर्जरको समयमा सहायक कम्पनीको उत्पादन एकाइ निर्माणाधीन थियो । यसको आंशिक सञ्चालन गत भदौमै भएको थियो । पूर्ण सञ्चालन सन् २०२६ मा शुरू हुने अपेक्षा गरिएको छ ।

स्वदेशमै उत्पादित गुन्द्रुक, टिमुर, अकबरे खुर्सानी, कोदो, फापर, मैदा प्रयोगमार्फत कम्पनीले विभिन्न खाद्यवस्तु उत्पादन गरिरहेको विवरणमा उल्लेख छ । कच्चा पदार्थमै आयको ७९ प्रतिशत खर्च गर्नुपर्ने भएकाले यसको लागत बढ्दा कम्पनीको नाफामा असर पर्न सक्ने क्रेडिट रेटिङ प्रतिवेदनमा उल्लेख छ । कम्पनीको ९० प्रतिशत आय स्वदेशी बजारबाटै हुँदै आएकोमा भारतलगायत अन्य देशमा निर्यात पनि बढ्दै गएको प्रतिवेदनमा उल्लेख छ । हाल कम्पनीको १० प्रतिशत आयको स्रोत निर्यात रहेको प्रतिवेदनमा बताइएको छ ।



# चामे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चामे, मनाङ, गण्डकी प्रदेश, नेपाल

## घर जग्गा भाडामा दिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०५**

यस चामे गाउँपालिका वडा नं. ४ को छारताङ स्थित गाउँपालिकाको भोगाधिकारमा रहेको उद्योग ग्रामको घर जग्गा उद्योग व्यवसाय संचालनको लागि भाडामा लगाउनु पर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संघ संस्थाले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र कार्यालय समयमा यस गाउँपालिकाको कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | विवरण | स्थान | भडामा लगाउने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | चामे गाउँपालिका वडा नं. ४ को छारताङ उद्योग ग्रामको घर जग्गा | वडा नं. ४ छारताङ | कि.न.२५० बाट हाल ५० रोपनी | |

**शर्तहरू :**

१. जग्गाको भाडा न्युनतम प्रति रोपनि प्रति महिना रु.२००० कायम गरिएको छ । घर भाडा प्रति महिना प्रति वर्गफूट रु. १५ (गा.पा. आर्थीक ऐन बमोजीम) हुनेछ ।
२. भाडामा लिन इच्छुक व्यक्ति, फर्म, कम्पनि वा संघ सस्थाले आफुले लिन चाहेको क्षेत्रफल र कवोल मुल्यको बार्षिक भाडा रकमको २५% रकम गाउँपालिकाको धरौटी खाता नं. १२८०३०००००३०००००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।
३. भाडामा लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संघ सस्थाले घर जग्गा कम्तिमा २ वर्षको लागि सम्झौता गरिनेछ ।
४. भाडामा लिन इच्छुक व्यक्ति, फर्म, कम्पनि वा संघ सस्थाले आफुले गर्न चाहेको व्यवसाय उद्योग खुलाएर नेपाली नागरिकताको प्रतिलिपि (कम्पनिको हकमा कम्पनि दर्ता र नविकरण प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि) साथ प्रस्ताव पेश गर्नुपर्ने छ ।
५. विस्तृत जानकारीको लागी गाँउपालिकाले स्वीकृत गरेको उद्योगग्राम सञ्चालन नियमावली २०८१ गाँउपालिकाको वेभसाईटमा हेर्न तथा कार्यालय (९८५६०४९२७०) मा सर्म्पक गर्न सकिने छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## नबिल बैंक लिमिटेड, बालकुमारी शाखा, ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/११)**
**(दोश्रो पटक प्रकाशित मितिः २०८२/०१/०५)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०३/१३ को कारोवार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसै ले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरी मिति **२०८१/१२/११ मा कारोवार दैनिक पत्रिका**मा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्युनतम गोप्य शिलवन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रलाई यथावत राखि दोश्रो पटक प्रकाशित सूचना अनुसार माग गरिएको गोप्य शिलवन्दी बोलपत्रमा समाबेश गरिनेछ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको सात (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको ललितपुर शाखा, ललितपुरमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ , सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

अर्जुन बहादुर थापाको नाति डम्बर बहादुर थापाको छोरा मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ०२ स्थायी घर भई हाल मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ०५-०२-७६-०६४०६ (जारी मितिः २०७६/१२/०६, स्थान मोरङ्ग) भएका **चिरञ्जीवि थापा ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

ओम प्रकाश दाहालकी छोरी डम्बर बहादुर थापाकी बुहारी चिरञ्जीवि थापाकी श्रीमती मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं मा.न.पा वडा नं. ०२ बस्ने, ना.प्र.नं. २८१/१७५ (जारी मितिः २०५६/०५/०९, स्थान मोरङ्ग) भएकी **रचना दाहाल ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ०२ स्थायी घर भई हाल मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ०९ बस्ने **चिरञ्जीवि थापा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला डुकुछाप न.पा. वडा नं. ०७ सिट नं. ७ग मा अवस्थित कि.नं. ७० र ६९ क्षेत्रफल क्रमश १-३-०-० र २-१२-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम **बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **ललितपुर शाखा, ललितपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८२/०१/११ गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **ललितपुर शाखा, ललितपुर**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/१२ गते १:०० बजे बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा ललितपुर शाखा, ललितपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने र कम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **ललितपुर शाखा, ललितपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## आलुखेतीबाट ३ महीनामा ८ लाख आम्दानी

इनरुवा (सुनसरी) । सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-७ का राजकिशोर मेहताले तीन बिघामा आलुखेती गरेका थिए । उनले सबै खर्चसहित ६ लाख खर्च गरेका थिए । त्यसबाट करिब १४ लाखको आलु उत्पादन भको बताए ।

तीन महीना मेहनत गरेर आलुखेतीबाट आठ लाख आम्दानी गर्न सफल भएको महतोको भनाइ छ । १४ लाखको आलु विक्री गर्दा सबै खर्च कटाएर आठ लाख आम्दानी भएको उनले बताए । 'विभिन्न समस्या त छन्, मजदुर, खाद्यमलको अभाव छ । तथापि तीन महीना मेहनत गरेर यो आम्दानी गर्न सफल भयौं । यो देशमै केही गर्न सकिन्छ भन्ने उदाहरण पनि हो,' मेहताले भने । यहाँका अधिकांश हिउँदे बालीका रूपमा मुख्यगरी आलुखेती गर्ने गरेका कृषि ज्ञान केन्द्र सुनसरीका प्रमुख नीलकमल सिंहले जानकारी दिए । यहाँ काडिनल, जनक, कुफरी जपी, भूटानी, सठिया, टिपिएसलगायत जातका आलु लगाउने गरिएको उनले बताए । समग्रमा वार्षिक रूपमा तीन हजार हेक्टर क्षेत्रफलमा आलुखेती हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । *रासस*

## सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४४२१८६१/६२/६३

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०१/०५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकमसमेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः प्रिन्स ट्रेडर्स एण्ड सप्लायर्स**<br>प्रा.फ.र. नं. :२३६०६/०७३/०७४<br>दर्ता गर्ने कार्यालय : बाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग धनगढी, कैलाली<br>पान नं. ६१३२६४७६५<br>ठेगाना : टिकापुर-०८, कैलाली<br>**प्रोप्राइटर/जमानीकर्ताको नामः रेखा टमटा (बि.क)**<br>बाबुको नाम : हर्क टमटा<br>पतिको नाम : प्रेम सिंह बि.क.<br>ससुराको नाम : प्रति बि.क.<br>ठेगाना : धनसिंहपुर-०३, कैलाली<br>हाल : टिकापुर-०८, कैलाली<br>ना.प्र.नं. ६७२०४३/८६६३, जारी मिति :२०६७/०९/२७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली<br>**कर्जा लिएको शाखा : गुलरिया, बर्दिया** | **क) नामः प्रेम सिह वि.क.**<br>बाबुको नाम : प्रति वि.क.<br>बाजेको नाम : खडके लुहार<br>ठेगाना : धनसिंहपुर-०३, कैलाली<br>हालः टिकापुर-०८, कैलाली<br>ना.प्र.नं.: ६७३०४३-६३९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली<br>जारी मिति : २०६३/११/१४<br>**ख) नाम : शारदा लुहार**<br>बाबुको नाम : खडके लुहार<br>पतिको नाम : प्रति लुहार<br>ससुराको नामः खडके लुहार<br>ठेगाना : धनसिंहपुर-०३, कैलाली<br>हाल ठेगाना : टिकापुर-०८, कैलाली<br>ना.प्र.नं.: १४८२/२०१०८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली<br>जारी मिति :२०५१/०२/१५ |

**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय टिकापुर कैलालीमा शारदा लुहारको नाममा दर्ता कायम रहेको कैलाली जिल्ला, धनसिंहपुर-०३, स्थित कि.नं ४१३ र ४१५ को क्षेत्रफल क्रमश १६९२.९२ र २०३१.५० वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

| ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **२) क) ऋणी : नविना निर्माण सेवा**<br>प्रा.फा.र.न. : १२२२/०७४/०७५<br>दर्ता मिति : २०७४/०५/२६<br>पान : ६०६९३४३३२<br>ठेगाना : चन्दननाथ-०७, जुम्ला<br>जरी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय, जुम्ला<br>**ख) ऋणी : नविना स्टोर एण्ड सप्लायर्स**<br>दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति, जुम्ला<br>प्रा.फ.र.नं. : २६०/०६४/०६५<br>दर्ता मिति : २०६४/१२/१२<br>ठेगाना : महत-०९, जुम्ला<br>पान नं. ३०२८६२४५०<br>**ग) ऋणी/प्रोप्राइटर/जमानीकर्ताको नामः हिक्मत के.सी**<br>बाबुको नाम : भुवन के.सी<br>बाजेको नाम : गोरख बहादुर खत्री<br>ठेगाना : महत-९, जुम्ला<br>हाल : चन्दननाथ-७, जुम्ला<br>ना.प्र.न. : ६०३०/३, जारी मिति : २०६३/१२/०७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला<br>**ऋण लिएको शाखा : जुम्ला शाखा**<br>**जमानीकर्ताको विवरण**<br>**क) नाम : अनिता शाही**<br>पतिको नाम : हिक्मत के.सी<br>ससुराको नाम : भुवन के.सि<br>ठेगाना : ताम्ती-८, जुम्ला<br>हाल : चन्दननाथ-७, जुम्ला<br>ना.प्र.नं. : ६०/७५४, जारी मितिः २०६९/०८/११<br>जारी गर्ने कार्यालयः जि.प्र.का., जुम्ला | **ख) नाम : भुवन के.सि.**<br>बाबुको नाम : गोरख बहादुर खत्री<br>बाजेको नाम : चम्फा बहादुर खत्री<br>ठेगाना : महत-९, जुम्ला<br>हाल : चन्दननाथ-७, जुम्ला<br>ना.प्र.नं. : १४९३, जारी मितिः २०४३/०४/०६<br>जारी गर्ने कार्यालय : जि.का., जुम्ला<br>**ग) नाम : देवेन्द्र खत्री**<br>बाबुको नाम : गोरख ब. खत्री<br>बाजेको नाम : चम्फा सिंह खत्री<br>ठेगाना : महत-९, जुम्ला<br>हाल : चन्दननाथ-७, जुम्ला<br>ना.प्र.नं.: ५१०३/१००९३, जारी मितिः २०६४/०३/२५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला<br>**घ) नाम : जानकी सेजुवाल (खत्री)**<br>पतिको नाम : देवेन्द्र खत्री<br>ससुराको नाम : गोरख बहादुर खत्री<br>ठेगाना : चन्दननाथ-९, जुम्ला<br>हाल : चन्दननाथ-७, जुम्ला<br>ना.प्र.नं.: १००१८-७३३, जारी मितिः २०५८/०२/१९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला<br>**ङ) नाम : यमला के.सी**<br>पतिको नाम : भुवन के.सी<br>ससुराको नाम : गोरख बहादुर खत्री<br>ठेगाना : महत-९, जुम्ला<br>हाल : चन्दननाथ-७, जुम्ला<br>ना.प्र.नं.: ५१००, जारी मितिः २०६१/०८/१८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला |

**सुरक्षणमा रहेको धितोको विवरण**

श्री मालपोत कार्यालय जुम्लामा, श्री भुवन के.सी/देवेन्द्र खत्रीको संयुक्त नाममा र हिक्मत के.सी को नाममा दर्ता कायम रहेको निम्नानुसारको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| जग्गा धनिको नाम | धितोको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| श्री भुवन के.सी/ देवेन्द्र खत्री | महत-०७ ख, जुम्ला | ४९ | ७७५ व.मि |
| | महत-०७ ख, जुम्ला | ५० | ७५० व.मि |
| | महत-०९ ग, जुम्ला | ६० | ८११ व.मि |
| | महत-०८ च, जुम्ला | १०७ | २१४० व.मि |
| | महत-०८ छ, जुम्ला | ७९ | ७०० व.मि |
| | महत-०९ ग, जुम्ला | ६४ | ५८९ व.मि |
| | महत-०९ ग, जुम्ला | ७५ | १५० व.मि |
| | महत-०९ ग, जुम्ला | ७६ | १३४ व.मि |
| हिक्मत के.सी | महत-०९ क, जुम्ला | ४२६ | ११०.५० व.मि |
| | महत-०९ क, जुम्ला | १११ | ३०४ व.मि |
| | महत-०९ख, जुम्ला | ३७ | १९६ व.मि |
| | महत-०९ख, जुम्ला | ३८० | ४७२.५५ व.मि |

**सवारी साधनको विवरण** : श्री सांग्रिला डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी श्री नविना निर्माण सेवा रहेका निम्नानुसारको सवारी साधन १ थान ।

| | |
|---|---|
| **दर्ता नम्बर** | **भे.१.क १०७१** |
| **कम्पनिको नाम** | JCB-HL |
| **मोडल** | JS220 |
| **बनेको साल** | २०१७ |
| **हर्ष पावर/सि.सि.** | १७० |
| **चेसिस नं.** | PUNJS22CAH २५६०३१२ |
| **ईन्जिन नं.** | H००१५०९४० |
| **सवारीको रंग** | पहेलो |
| **सवारीको किसिम** | निजी |

| ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **३) ऋणीः गोदावरी क्याम्प एण्ड फायर रिसोर्ट**<br>प्रा.फ.द.नं. :१८४८८, दर्ता मितिः २०७९/०४/१७<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलाली, नेपाल<br>पान नं. ६१८४२९१२९<br>फर्मको ठेगाना : गोदावरी-०४, कैलाली<br>**प्रोप्राइटर/जमानीकर्ताको नाम : रेवन्त खडका**<br>बाबुको नाम : धन बहादुर खडका<br>बाजेको नाम : बुद्धि सिंह खडका<br>ठेगाना : अत्तरिया-११, कैलाली<br>हाल : धनगढी-१३, कैलाली<br>ना.प्र.नं. ६७-०१-७१-०९०४८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कैलाली<br>जारी मिति :२०७१/०८/२३<br>**कर्जा लिएको शाखा : अत्तरीया, कैलाली** | **क) नाम : मनसरा बडैला**<br>बाबुको नाम : अर्जुन बडैला<br>पतिको नाम : रेवन्त खडका<br>ससुराको नामः धन बहादुर खडका<br>ठेगाना : पोखरी-०६, डोटी<br>हाल : धनगढी-१३, कैलाली<br>ना.प्र.नं.: ६८३०३०/२६८<br>जारी गर्ने कार्यालयः जि.प्र.का., डोटी<br>जारी मिति :२०७०/०२/२४<br>**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय धनगढी कैलालीमा रेवन्त खडकाको नाममा दर्ता कायम रहेको कैलाली जिल्ला, गेटा-०८, स्थित कि.नं १३२२ को क्षेत्रफल ४२४.४८ वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |

## उत्पादन कर्णालीमा, व्यापार काठमाडौंमा




काठमाडौं । कर्णालीसहित देशका विभिन्न भूभागका जैविक उत्पादन काठमाडौंमा उपलब्ध हुन थालेको छ । काठमाडौंको बूढानीलकण्ठ नगरपालिकाअन्तर्गत कपनमा जैविक कृषि उपजको प्रयोग र प्रवर्द्धनमा केन्द्रित 'मौलिक बजार' सञ्चालनमा आएको छ । देशका ७५३ ओटै स्थानीय तहबाट संकलन गरिएका जैविक उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने उद्देश्यले सञ्चालनमा आएको बजारमा जुम्लाको मार्सी चामल, हुम्लाको सिमी, मुगुको कोदो, डोल्पाका जडीबुटीलगायत खाद्यान्न पाइन्छ ।

कर्णालीका किसानलाई खेतीमा प्रोत्साहन गर्ने उद्देश्यले बजार शुरू गरिएको हो । 'एक स्थानीय तह, एक उत्पादन'को अवधारणा अनुसार कृषि उपजलाई ब्राण्डिङ गरेर बजार सञ्चालन भएको त्यसका सञ्चालक सुमन दाहालले बताए । 'कर्णालीका उत्पादन मात्र नभएर मुलुकका सातओटै प्रदेशमा उत्पादन हुने कृषिसामग्री, हर्बल कस्मेटिक्स, मसला, अदुवा लसुन पेष्ट, हस्तकलाका सामान र मौलिक पहिचान भएका वस्तुको प्रवर्द्धन गर्नु बजारको उद्देश्य हो,' दीर्घकालीन रूपमा मुलुकको कृषि र ग्रामीण विकासमा योगदान पुऱ्याउने लक्ष्य सुनाउँदै उनले भने । *रासस*

## ढाकावाङका किसानलाई मौरी वितरण



अर्घाखाँची । अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-१ र २ ढाकावाङका मौरीपालक किसानलाई मौरीसहित आवश्यक सामग्री वितरण गरिएको छ । मौरीपालक किसानको लागत घटाउँदै बढी मुनाफा दिलाउने उद्देश्यले ती सामग्री वितरण गरिएको हो । जिल्लामा आयोजित एक कार्यक्रमकामा भूमिकास्थान नगरपालिकाका प्रमुख झविलाल थापा, उपप्रमुख बालाकृष्ण बञ्जाडे, प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपाली र प्रगति किसान सहकारी संस्थाका अध्यक्ष भुवानन्द भुसालले किसानलाई मौरीसहितका सामग्री वितरण गरेका हुन् ।

नगर प्रमुख थापाले आधुनिक मौरीपालनमार्फत महको उत्पादन बढाउन र मौरी संरक्षण गर्न किसानलाई आग्रह गरे । व्यावसायिक रूपमा मौरीपालन गर्दै आएका किसानलाई प्रोत्साहन गरी आर्थिक विकासमा सहयोग पुगोस् भनेर नगरपालिकाले ५० प्रतिशत अनुदानमा मौरीसहित आवश्यक सामग्री वितरण गरेको उनले बताए । नगर उपप्रमुख बञ्जाडे, प्रमुख प्रशासकीय अधिकृत नेपाली, योजना शाखा प्रमुख हरिश्चन्द्र भुसाललगायतले मौरीपालन पेसा सहज जस्तो देखिए पनि किसानले चरनको समस्या खेप्ने गरेको बताए । मौरी चरनका लागि विभिन्न समस्या रहेको भन्दै यसको समाधानका लागि बालीमा कडाखालका विषादी प्रयोग घटाउनुपर्नेमा किसानहरूले जोड दिए । सहकारीमा आबद्ध एक सय किसानलाई भूमिकास्थान नगरपालिकाको ५० प्रतिशत अनुदानमा ७९ ओटा मौरीसहितको घार, चार सय २५ थान मह प्याक गर्ने प्लास्टिक बट्टा, ३८ थान जाली टोपी, ५० जोर पञ्जा, ४८ थान फिडर, तीन सय थान लेबलिङ छपाइ, स्ट्याण्डलगायत सामग्री वितरण गरिएको सहकारीका अध्यक्ष भुसालले जानकारी दिए । उनका अनुसार ती सामग्री वितरणपूर्व किसानलाई दुईदिने तालीमसमेत दिइएको थियो । अनुदानमा मौरीसहित सामग्री पाएसँगै किसान उत्साहित हुँदै खुशी व्यक्त गरेका छन् । *रासस*


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

**यस संस्थाको टंगल शाखामा रहेको बचत खाताबाट कारोबार गर्दै आउनु भएको बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर नगरपालिका वडा नं. १९ मा बस्ने, काशी धन शाक्यको नाती, हर्ष मान शाक्यको छोरा मोति काजी शाक्यको मिति २०८०/०६/२२ मा निधन भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमती नीता शाक्यले यस संस्थामा मिति २०८१/१०/१५ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारप्राप्त हकवालाहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस वित्तीय संस्थाको टंगल शाखा कार्यालयमा हकदाबी गर्न आउनु होला । उल्लेखित म्यादभित्र हकदाबी गर्न नआए पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

*नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको 'ग' वर्गको वित्तीय संस्था*
**गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.**
प्रधान कार्यालयः गुहेश्वरी भवन, हरिहरभवन, पुल्चोक, ललितपुर
फोनः ०१-५४५०४०६, ५४३७४०७, E-mail: gmbf@gmbf.com.np/web: www.gmbf.com.np

## हार्दिक श्रद्धाञ्जली

जन्म
वि.सं. २०३० कार्तिक २



स्वर्गारोहण
वि.सं. २०८१ चैत्र २६

स्व. आनन्द प्रसाद शर्मा

यस एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि., पर्सा कार्यालयका कार्यालय प्रमुख आनन्द प्रसाद शर्माको देहावसान भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै, यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**एशियन लाईफ इन्स्योरेन्स कं. लि. परिवार**

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.

## हिमालय एअरलाइन्सद्वारा प्रयास नेपाललाई सहयोग




काठमाडौं (अस) । हिमालय एअरलाइन्स्ले 'स्टेप टुवार्ड्स एजुकेशन'मार्फत प्रयास नेपालका बालबालिकालाई आगामी शैक्षिक वर्षका लागि शैक्षिक सामग्री प्रदान गरेको छ। कम्पनीले लामो समयदेखि जारी संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर)अन्तर्गत उक्त सहयोग गरेको हो। एअरलाइन्स्ले विभिन्न कक्षाका पाठ्यपुस्तक, कपी, रजिस्टर, जुत्ता तथा अन्य आवश्यक शैक्षिक सामग्री बिहीवार हस्तान्तरण गरेको हो। बालबालिकाको समग्र स्वास्थ्यको महत्त्वलाई ध्यानमा राख्दै कम्पनीले तन्ना र तौलियासमेत प्रदान गरेको बताइएको छ।


सहयोग हस्तान्तरण कार्यक्रममा एअरलाइन्स्की ब्रान्ड विभाग प्रमुख उज्ज्वला दलीले आठ वर्षदेखि 'स्टेप टुवार्ड्स एजुकेशन' पहलमार्फत प्रयास नेपालसँग जोडिएको बताइन् । हरेक वर्ष बालबालिकालाई आत्मविश्वास, सक्षम र उज्ज्वल भविष्य बोकेका व्यक्तित्वमा रूपान्तरण हुँदै गरेको हेर्न पाउँदा खुशी लागेको उनको भनाइ थियो। उनले भनिन्, 'धेरैजसो समाजमा समाहित भइसकेका छन् र स्वतन्त्र रूपमा जीवनयापन गरिरहेका छन् । यस्तो परिवर्तनको साक्षी हुनु साँच्चिकै हृदयस्पर्शी अनुभव हो, हामीले सँगै चालेका हरेक कदमको उद्देश्य र मूल्यलाई यसले थप पुष्टि गर्दछ।' प्रयास नेपालकी अध्यक्ष मणि जोशीले निरन्तर सहयोगको लागि एअरलाइन्स्प्रति आभार व्यक्त गर्दै सहयोगले बालबालिकाको जीवनमा प्रोत्साहन र आशामा निरन्तरता ल्याएको बताइन्। गएको २२ वर्षमा प्रयास नेपालले सशक्तीकरण कार्यक्रममार्फत धेरैको जीवनमा सकारात्मक प्रभाव पारेको उनको भनाइ छ।

## बादी सरोकार मञ्चलाई सिटिजन लाइफ इन्स्योरेन्सको सहयोग



काठमाडौं (अस)। सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले अनाथ तथा असहाय बालबालिकाको क्षेत्रमा काम गर्दै आएको बादी सरोकार मञ्च नेपाललाई सहयोग गरेको छ। कर्णाली प्रदेशका बादी समुदायका १३० जना अनाथ तथा असहाय बालबालिकालाई संरक्षण गर्दै आएको मञ्चलाई कम्पनीले खाद्यान्न सामग्री सहयोग गरेको हो । यस सहयोग कार्यक्रमअन्तर्गत कम्पनीले चामल, दाल, तेल लगायत अत्यावश्यक उपभोग्य वस्तु उपलब्ध गराएको बताइएको छ। सहयोगबाट संस्थामा आश्रित बालबालिकाको पोषणमा प्रत्यक्ष सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

मञ्चले उक्त समुदायका महिला, बालबालिका तथा परिवारलाई शिक्षा, आश्रय, स्वास्थ्य र आत्मनिर्भरतातर्फ उन्मुख गराउने उद्देश्यले गैर-नाफामूलक सामाजिक संस्थाको रूपमा कार्य गर्दै आएको छ। सहयोग हस्तान्तरण कार्यक्रममा कम्पनीका प्रमुख बजार व्यवस्थापन अधिकृत भूषण रिमाल, प्रमुख व्यवसाय अधिकृत धोजबहादुर खड्का, कार्यालयका अन्य अधिकारी, मञ्चका अध्यक्ष हिक्मत बादी लगायतको उपस्थिति थियो।



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको टोखाबाट देखिएको बूढानीलकण्ठ तथा शिवपुरी डाँडामा विकास भएको बस्ती ।**

## मातृभूमि लघुवित्तको छैटौं वार्षिक साधारणसभा




काठमाडौं (अस)। मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडको छैटौं वार्षिक साधारणसभा मंगलवार काठमाडौंमा सम्पन्न भएको छ। सभाले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्नुको साथै लेखापरीक्षकको नियुक्ति तथा सर्वसाधारणमा थप सार्वजनिक निष्कासनसम्बन्धी प्रस्तावसमेत पारित गरेको छ।

उक्त कार्यक्रममा शेयर सदस्यहरू जगन्नाथ आचार्य, भेषराज भण्डारी, सुदिप श्रेष्ठ, गोविन्द बहादुर केसी, निरुपमा गुप्ता, बैजुनाथ रैनियार, इन्द्रप्रसाद लामिछाने, अमित बाकोटी, भुषण काफ्ले, गणेशबहादुर अधिकारी, लक्ष्मणबहादुर श्रेष्ठ, कमलादेवी गिरी थापा, बालकृष्ण बराल, डम्बरबहादुर केसी, ब्रह्मदेव शाक्य र विष्णुप्रसाद बरालले सुझाव तथा जिज्ञासा राखेका थिए।

जिज्ञासाको जवाफ संस्थाका अध्यक्ष लोकराज शर्मा र प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद शर्माले दिएका थिए। साधारणसभाबाट संस्थापक शेयरधनीको तर्फबाट शम्भुप्रसाद धिमिरे, विमला योगी, खडानन्द सापकोटा र इन्द्रकुमार शाह तथा सर्वसाधारण शेयरधनीको तर्फबाट विनोद आचार्य र भरत बहादुर हमाल सञ्चालक समितिमा निर्वाचित भएका छन् । सोमवार सम्पन्न सञ्चालक समितिको १६७औं बैठकबाट अध्यक्षमा विनोद आचार्य चयन भएका छन्। उनले नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलबाट पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन्।


दर्ता नं. १००/२०३३/३४, पान नं.: ३०००८८७७९

### नेपाल मेटल कम्पनी लिमिटेड

**(गणेश हिमाल जस्ता-सीसा परियोजना)**
**लैनचौर, पो.ब.नं., ४६८, काठमाडौं (खानी तथा भूगर्भ विभाग भित्र)**
इमेल : nepalmetalcompany2071@gmail.com

### अठ्ठाईसौं वार्षिक साधारण सभाको सूचना। सूचना।। सूचना।।।

**दोस्रोपटक प्रकाशित मिति २०८२।०१।०५, आर्थिक अभियान दैनिक**

यस कम्पनीको संचालक समितिको मिति २०८१।१२।१३ गते बुधवारको दिन अपरान्ह ५:१५ मा बसेको २२९ औं बैठकको निर्णयानुसार कम्पनीको अठ्ठाईसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा देहायका विषय उपर छलफल गर्न वस्ने भएकोले उक्त सभामा उपस्थित हुनको लागि सबै शेयरधनीहरुलाई अनुरोध गरिन्छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**
मिति : २०८२।०१।१२ गते शुक्रवार ।
स्थान : खानी तथा भूगर्भ विभागको अडिटोरीयम हल, लैनचौर, काठमाडौं ।
समय : दिनको ११:०० बजे ।

**प्रस्तावहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा आ.व.२०८०।०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
२. आ.व.२०८०।०८१ को लेखापरीक्षण प्रतिवेदन, वासलात तथा निर्माणाधिन अवधिका खर्चहरुको विवरण प्रस्तुत गर्ने ।
३. आ.व. २०८१।०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।
४. साधारण सभाको माइन्युट बुकमा दस्तखत गर्न संचालक समितिबाट र शेयरधनी मध्येबाट १ जना प्रतिनिधि मनोनयन गर्ने ।
५. नियमनकारी निकायबाट दिईएका निर्देशनको सम्वन्धमा कुनै निर्णय गर्नु पर्ने भएमा सञ्चालक समितिले गर्ने गरि अधिकार प्रत्यायोजन गर्ने ।
६. विविध ।

**आज्ञाले**
**हरि प्रसाद घिमिरे**
**लेखा अधिकृत**
**मोवाइल नं. ९८५१०८९६२६**



कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरमा सिमित दायित्व भएको)

### नेको इन्सुरेन्स लि.
### Neco Insurance Ltd.

का.म.न.पा. वडा नं.३०, ज्ञानेश्वर, काठमाण्डौ, फोन ०१-४५४२२६३
इमेल: info@neco.com.np, वेवसाइट: www.neco.com.np
**को**

### संस्थापक/सर्वसाधारण समूहको हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८२/०१/१२**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०१/२१**

नेको इन्सुरेन्स लिमिटेडको चुक्ता पूँजी रू.२,०१,२३,६०,६१९/- (अक्षरेपी दुई अर्व एक करोड तेइस लाख साठी हजार छ सय उन्नाइस मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको २,०१,२३,६०६.१९ कित्ता शेयरको २५% ले (विद्यमान ४ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) हुन आउने प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ५०,३०,९०१.५५ कित्ता हकप्रद शेयर खरिदको लागि शेयर दाखिल खारेज दर्ता किताव बन्द भएको मिति २०८१/१०/१८ गतेको अघिल्लो दिनसम्म अर्थात् मिति २०८१/१०/१७ गतेसम्ममा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई नियमानुसार नामसारी भई कायम साविक शेयरधनीहरुमा मिति २०८१/११/०८ गतेदेखि मिति २०८१/१२/१४ गतेसम्म (म्याद थप समेत) निष्काशन तथा बिक्री खुल्ला गरि आवेदन माग गरिएकोमा संस्थापक समूह तर्फको ४३,७७९.५२ कित्ता तथा सर्वसाधारण समूह तर्फको १,८१,४८१.८३ कित्ता गरि जम्मा २,२५,२६१.३५ कित्ता शेयरहरु खरीदका लागि आवेदन नपरेकाले प्रचलित कानून, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम उक्त शेयरहरु लिलाम बढाबढ प्रकृया मार्फत बिक्री गर्न कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक योग्य जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो **मिति २०८२ बैशाख २१ गते आइतबार (बैकिङ्ग समय) सम्म** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ ।

**तपसिल**

**बोलपत्रद्धारा बिक्री गरिने अवितरित हकप्रद शेयरको विवरणः**

| संस्थापक समूहतर्फ : | सर्वसाधारण समूहतर्फ : |
|---|---|
| ४३,७७९.५२ कित्ता | १,८१,४८१.८३ कित्ता |

**बोलपत्र आवेदन फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु**

| क्र.सं. | संकलन केन्द्रको नाम | ठेगाना | जिल्ला | प्रदेश |
|---|---|---|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड | सम मार्ग, नक्साल वडा नं. १ | काठमाण्डौ | बागमति |
| | | विराटनगर महानगरपालिका-७ | मोरङ्ग | कोशी |
| २. | नेको इन्सुरेन्स लिमिटेड | विर्तामोड नगरपालिका-४ | झापा | |
| | | वीरगन्ज महानगरपालिका-४ | पर्सा | मधेश |
| | | जनकपुर उप-महानगरपालिका, वडा नं.-२ | धनुषा | |
| | | भरतपुर महानगरपालिका, वडा नं.२, नारायणगढ | चितवन | बागमति |
| | | हेटौंडा उप-महानगरपालिका, वडा नं.१० | मकवानपुर | |
| | | पोखरा महानगरपालिका, वडा नं.८, न्यूरोड | कास्की | गण्डकी |
| | | बाग्लुङ महानगरपालिका, वडा नं.१ | बाग्लुङ्ग | |
| | | बुटवल उप-महानगरपालिका-६, चौराहा | रुपन्देही | लुम्बिनी |
| | | घोराही उप-महानगरपालिका-१५ | दाङ्ग | |
| | | नेपालगन्ज उप-महानगरपालिका वडा नं.२ | बाँके | |
| | | विरेन्द्रनगर नगरपालिका, वडा नं.३ | सुर्खेत | कर्णाली |
| | | धनगढी उप-महानगरपालिका, वडा नं.३ | कैलाली | सुदुरपश्चिम |
| | | भिमदत्त नगरपालिका, वडा नं.१८, महेन्द्रनगर | कञ्चनपुर | |

**शर्तहरुः**
१. बोलपत्र आवेदन फारम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।
२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- (अक्षरेपी एक सय मात्र) तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी शिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरिद गर्नको लागि भिन्दा भिन्दै शिलबन्दी खाम भित्र आवेदन दिनुपर्नेछ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटै चेक मार्फत पेश गर्न सक्नेछ । साथै, बोलपत्र फारम शिलबन्दी गरिएको हुनुपर्नेछ ।
३. बोलपत्र आवेदन फारममा आफूले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिइने छैन् ।
४. बोलपत्रदाताहरुले बोलपत्रमा आफ्नो नाम, ठेगाना, हितग्राही खाता नं. (Demat No.), आफ्नो खाता रहेको बैंकको नाम, बैंक खाता नं. तथा टेलिफोन नम्बर लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
५. शेयर खरिदको लागि बोलकबोल पेश गर्दा **संस्थापक समूहतर्फ न्यूनतम १,००० कित्ता** तथा **सर्वसाधारण समूहतर्फ न्यूनतम १०० कित्ता** वा सो भन्दा बढीका लागि सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिनेछ । आवेदन पेश गर्दा नियमनकारी निकायले तोकेको प्रति व्यक्ति सिमाको अधिनमा रहने गरी मात्र आवेदन दिनु पर्नेछ ।
६. संस्थापक समूहको शेयर खरिदका लागि आवेदन दिंदा आवेदनको साथमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कालोसूचिमा नरहेको प्रमाणित प्रति र आम्दानीको श्रोत, संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test लगायतको विवरण फारम भरि अनिवार्य रुपमा दरखास्तसाथ पेश गर्नु पर्नेछ ।
७. बोलपत्रदाता योग्य नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनुपर्नेछ । आवेदक संगठित संस्था वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, प्यान नं. तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियारनामाको प्रतिलिपि, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
८. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा पूर्णरुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम मिति २०८२/०१/२१ गते बैकिङ्ग समयभित्र तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा हुने गरी कूल रकम वापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip)/IPS Transfer Slip/Good For Payment गरिएको A/c Payee Cheque संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन् । साथै Good For Payment गर्दा लाग्ने शुल्क तथा रु.२ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।

**बैंक खाताको विवरण**

| क्र.सं. | बैंकको नाम | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | सानिमा बैंक लि.,नक्साल, काठमाण्डौ | Sanima Capital Ltd (Neco Right) | ९०९०१००१००००४२७ |

९. शिलबन्दी खाम बाहिर सर्वसाधारण तर्फको शेयरको लागि आवेदन गर्दा "**श्री नेको इन्सुरेन्स लिमिटेडको "सर्वसाधारण" शेयर खरीद आवेदन**", तथा **संस्थापक तर्फको शेयरको लागि आवेदन गर्दा "श्री नेको इन्सुरेन्स लिमिटेडको "संस्थापक" शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ ।
१०. शेयर बाँडफाँड गर्दा सबै भन्दा बढी प्रति शेयर मूल्य कबोल गर्ने बोलपत्रदातालाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहन गएमा त्यस पछिको बढी प्रति शेयर मूल्य कबोल गर्ने बोलपत्रदातालाई शेयर बाँडफाँड गरिनेछ । बोलकबोलमा शेयर बाँडफाँड गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदनहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।
११. बोलपत्र आवेदन मिति २०८२/०१/२१ गते अपरान्ह ३:०० बजेभित्र यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रहरुमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन् ।
१२. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन् ।
१३. संकलन केन्द्रहरुबाट बोलपत्रहरु प्राप्त गरि बिक्री बन्द भएको मितिले ७ (सात) कार्यदिनभित्र बोलपत्र खोलिने मिति, समय र स्थान उल्लेख गरी निष्काशनकर्ता कम्पनी तथा बिक्री प्रबन्धकको वेबसाइटमा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् बोलपत्रहरु खोलिनेछ ।
१४. काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बिक्री प्रवन्धकको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा तथा नष्ट भएमा सो व्यहोरा नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईनेछ ।
१५. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था भए बमोजिम IPS मार्फत फिर्ता भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान गरिने छैन तथा IPS मा लाग्ने शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।
१६. यस सूचना वमोजिम आह्वान गरिएको सम्पूर्ण शेयर खरिदका लागि आवेदन प्राप्त नभए पनि आवेदन परे वरावरको शेयर सम्बन्धित आवेदकहरुलाई नियमानुसार बाँडफाँड गरी बाँकी रहेको शेयर पूनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।
१७. यस सूचना बमोजिम प्राप्त बोलपत्र आवेदकहरुलाई शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्ने तथा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै द्विविधा वा विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार कम्पनीको सञ्चालक समितिमा रहनेछ ।
१८. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौमा रहेको कार्यालय तथा वेबसाइटः www.sanima.capital मार्फत हेर्न सकिनेछ ।

**बिक्री प्रबन्धकः**
**SanimaCapital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिस्टर्ड कार्यालयः सम मार्ग, नक्साल-१, काठमाण्डौ ।
फोन नं. ०१-४५४०५०८, ०१-४५३६३७५, ०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital



### धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः- २०८२/०१/०५ गते)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

**सम्बन्धित कार्यालयः- कृषि विकास बैंक लि., शाखा कार्यालय बरियारपुर, बारा ।** **लिलाम हुने कार्यालय/स्थानः शाखा कार्यालय कलैया, बारा ।**
**धितो लिलाम बिक्री हुने मितिः- २०८२ साल जेठ महिना ०९ गते शुक्रवार ।**

**ग्राहकको विवरण**

**१. ग्राहकको नामः गणेश महतो कोईरी,** ना.प्र.नं. ७०९/११२७ जारी मितिः २०४१/०२/१७ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, बारा । बाबु/पतिको नामः देबमन महतो कोईरी ससुरा/बाजेः भवन महतो कोईरी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| गणेश महतो कोईरी | बारा | बबुआईन | ८क | २१३ | ०-१५-०-० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कायालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| शम्भु महतो कोईरी | बबुआईन ८ | ४९५२/१४६८/१४०३ | बारा/२०५८/१०/३०/जिल्ला प्रशासन कार्यालय | गणेश महतो कोईरी | देवनन महतो कोईरी |

**२. ग्राहकको नामः गडबडा माई ईंट्टा उद्योग,** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय कलैया बारा । फर्मको दर्ता नं.: ३७३८/१६५/०६५/०६६, दर्ता मितिः २०६६/३/५ पान नं. ३०३५५९१५३ मिति २०६६/०४/२८

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला, मिति र कार्यालय | पति/बाबु | बाजे |
|---|---|---|---|---|---|
| पुष्कर कुमार चौधुर | बरियारपुर-०२ | ५/७४९७ | बारा/२०५२/१२/१९/जिल्ला प्रशासन कार्यालय | देबेन्द्र कुमार चौधुर | जमुना सिंह चौधुर |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| बबिता कुमारी+रिता कुमारी पाण्डे | बारा | बरियारपुर | ३ | १९६ | ०-०-१२-० |
| पुष्कर कुमार चौधुर | बारा | बरियारपुर | ३ग | २४८,२५२,२५१ | ०-१-५.५-०, ०-०-८.७५-०, ०-०-१-० |
| देबेन्द्र कुमार चौधुर | बारा | बरियारपुर | २,३ | ३८५,२१२ | ०-१-५.५-०, ०-२-१२-० |
| प्रबिण कुमार चौधुर | बारा | बरियारपुर | १ | १०५ | १-१-२-० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कायालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| बबिता कुमारी | म.ग.न.पा. १ बारा | १७०७ | बारा/२०५७/०३/१८ जिल्ला प्रशासन कार्यालय | पुष्कर कुमार चौधुर | देबेन्द्र कुमार चौधुर |
| देबेन्द्र कुमार चौधुर | म.ग.न.पा. १ बारा | ७५५/०८९८०७५५ | बारा/२०३३/०८/०८/जिल्ला प्रशासन कार्यालय | जमुना चौधरी | शिववरण चौधुर |
| रिता कुमारी पाण्डें | म.ग.न.पा. १ बारा | १६२४ २३०४ | बारा/२०६०/०७/२५/जिल्ला प्रशासन कार्यालय | पुष्पराज कुमार चौधुर/रामलखन पाण्डें | |
| शशिकला चौधुर | म.ग.न.पा. १ बारा | २६४९ | बारा/२०४६/०३/१९/जिल्ला प्रशासन कार्यालय | देबेन्द्र कुमार चौधुर/योगेश्वर शर्मा | जमुना चौधुर भुमिहार |
| प्रबिण कुमार चौधुर | म.ग.न.पा. १ बारा | ४१८६/७४४ | बारा/२०४९/०३/११ जिल्ला प्रशासन कार्यालय | जमुना चौधरी | |

**३. ग्राहकको नामः नवराज एग्रो सेन्टर,** दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय कलैया बारा । फर्मको दर्ता नं.: ५०१३/०७३/७४ दर्ता मिति : २०७३/०८/२२ पान नं.६०५५०५५८२ मिति २०७३/०८/२३

**प्रोपाईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला, मिति र कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सामदेव बछाड थारु | पिप्राबसतपुर ६ | १७४१/३०४६ | २०५९/९/२ वारा जिल्ला प्रशासन कार्यालय | शिवन बछाड थारु | सुकदेव बछार थारु |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सामदेव बछाड थारु | बारा | पिप्रा बसतपुर | ६ | ४०० | १-०-०-० |

**शर्तहरु :**
१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं ।**

आफ्नो भविष्यको निर्माण गर्न चाहनुहुन्छ भने तपाईंले नयाँ अवसरहरूको खोजी गर्न थाल्नुपर्छ ।

- एलन मस्क

सम्पादकीय

# अन्तरराष्ट्रिय व्यापार अब द्विपक्षीय सम्झौतातर्फ

अमेरिकाले आफ्नो देशमा आयात हुने सबै वस्तुमा रेसिप्रोकल भन्सार लगाउने घोषणा गरेसँगै शुरू भएको व्यापार युद्धले अन्तरराष्ट्रिय व्यापारको संरचनामै ठूलो परिवर्तन आउने देखिएको छ । अन्तरराष्ट्रिय साझेदारी, क्षेत्रीय र उपक्षेत्रीय साझेदारीमार्फत विश्वभरि नै विकास र व्यापारका गतिविधि तथा सहयोग रणनीति अपनाउन थालिएकामा अबको विश्व यसको ठीक उल्टो यात्रामा लाग्ने देखिएको छ । विश्वमा आउँदै गरेको यो परिवर्तनबारे नेपाल सतर्क र सचेत हुनुपर्छ तथा त्यसअनुसार रणनीति तय गर्नुपर्छ ।

अहिले अमेरिका र चीनबीच व्यापार युद्ध चलिरहेको छ । एकले अर्कोमाथि भन्सार बढाउँदै छन् र अहिले ट्रम्पले चीनमाथि २४५ प्रतिशतसम्म भन्सार लगाएका छन् । उदारतावाद र खुला अर्थतन्त्र नीति हाबी भइरहेको वर्तमान अर्थव्यवस्था अब संरक्षणवादतर्फ लाग्ने करिब करिब निश्चित जस्तै छ । कुनै विशेष परिघटना भएन भने विश्व अर्थतन्त्र र अन्तरराष्ट्रिय सम्बन्ध अब विगतको जस्तो हुँदैन । ट्रम्प प्रशासनले धेरै देशविरुद्ध एकैचोटि रेसिप्रोकल भन्सार लगाएपछि सिंगापुरका प्रधानमन्त्री लरेन्स वङ्गले त अन्तरराष्ट्रिय नियममा चल्ने विश्वव्यापीकरण र खुला व्यापारको विश्व व्यवस्थाको अन्त्य भएको घोषणा नै गरे ।

यस्तो अवस्थाको विश्लेषण गरेर चीनले आफ्नो बजार सुनिश्चित गर्न विभिन्न रणनीति लिएको छ र अमेरिकासामु नझुक्ने बताएको छ । यस अवस्थासँग जुध्न भारतले अर्कै खालको रणनीति लिएको छ । तर, नेपाल भने यसबाट पर्ने असर र त्यसले सृजना गर्ने अवसरबारे कुनै पनि नीति बनाउन सक्रिय भएको देखिँदैन ।

विश्व व्यापार र सहयोगमा आएको यो परिवर्तनसँगै क्षेत्रीय र उपक्षेत्रीय सहयोग तथा सहकार्य पनि प्रभावित हुन थालेको देखिन्छ । क्षेत्रीय र उपक्षेत्रीय सहयोगका लागि विभिन्न प्रयास भइरहेको सन्दर्भमा अब यी अभियानको औचित्यमाथि नै प्रश्न उठेको छ । दक्षिण एसियाली मुलुकहरूको संगठन सार्क भारत–पाकिस्तान द्वन्द्वका कारण मृततुल्य बनेको छ । भारतले यसको विकल्पमा बीबीआइएन (बंगलादेश, भुटान भारत र नेपाल) मार्फत सहयोगको अवधारणामा बढी जोड दिन थाल्यो । त्यस्तै बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको पहल (बिम्स्टेक) लाई पनि भारतले महत्त्व दियो । तर, बंगलादेशमा भारतनजिक मानिएकी शेख हसिनाको सरकार ढलेपछि यस क्षेत्रमा नयाँ तरंग आएको छ । बंगलादेश भारतबाट टाढिएर चीन र पाकिस्तानसँग नजिकिन थालेको छ । यसैको परिणामस्वरूप भारतले बंगलादेशलाई प्रयोग गर्न दिँदै आएको केही स्थल बन्दरगाह प्रयोगमा रोक लगायो । त्यसको जवाफमा अहिले बंगलादेशले नेपाल, भुटान र भारतबाट विभिन्न वस्तुको आयातमा प्रतिबन्ध लगायो तर यो प्रतिबन्ध मूलतः भारतलक्षित रहेको छ । आफ्ना कन्टेनरलाई भिडभाडबाट सहज बनाउने नाममा भारतले लगाएको प्रतिबन्ध होस् वा आफ्नो देशको उत्पादनलाई जोगाउने नाममा बंगलादेशले लगाएको आयातमाथिको प्रतिबन्ध होस्, दुवै व्यापार युद्ध नै हो । बंगलादेशले नेपालबाट नाममात्रको आयात गर्ने वस्तुमा प्रतिबन्ध लगाएको छ भने भारतबाट ठूलो परिमाणमा आयात हुने वस्तुमाथि प्रतिबन्ध लगाएको छ । भारतबाट बंगलादेशमा निर्यात हुने प्रमुख वस्तुमा धागो पर्छ । त्यस्तै दूध, माछा र सुर्ती पनि भारतबाट ठूलो मात्रामा बंगलादेशमा निर्यात हुन्छ । यस्ता वस्तुको आयातमा प्रतिबन्ध लगाएपछि भारत र बंगलादेशबीच व्यापार युद्धकै अवस्था आएको देखिन्छ । यस्तो अवस्थामा नेपालले अब द्विपक्षीय सम्झौताका लागि पहल थाल्नुपर्छ । अब अन्तरराष्ट्रिय सम्झौताका आधारमा फाइदा पाउने दिन गए जस्तो छ । अमेरिकाले सबै मुलुकबाट हुने आयातमा भन्सार लगाएपछि अहिले द्विदेशीय सम्झौताका लागि धमाधम गृहकार्य गरिरहेको समाचार आएको छ । त्यसैले नेपालले पनि त्यसैअनुसार आवश्यक रणनीति तय गर्न आवश्यक छ ।

- विश्व व्यापार र सहयोगमा आएको परिवर्तनसँगै क्षेत्रीय र उपक्षेत्रीय सहयोग तथा सहकार्य पनि प्रभावित हुन थालेको देखिन्छ ।
- अब अन्तरराष्ट्रिय सम्झौताका आधारमा फाइदा पाउने दिन गए जस्तो छ ।

अब अविकसित देश, असंलग्न राष्ट्र जस्ता विशेषणबाट नेपालले कुनै पनि मुलुकबाट सहयोग पाउन सक्ने सम्भावना कम देखिएको छ । बरु द्विपक्षीय फाइदा र स्वार्थ नै बढी हाबी हुने देखिन्छ । त्यसैले नेपालले त्यही अनुसार आफ्नो रणनीति बनाउन आवश्यक देखिन्छ । त्यसैगरी प्रतिस्पर्धी वस्तुभन्दा पनि स्थानीय पहिचानका वस्तु तथा अप्रतिस्पर्धी वस्तुको उत्पादनमा जोड दिन आवश्यक छ । जुन देशबाट बढी आयात हुन्छ त्यही देशमा निर्यात बढाउने गरी रणनीति लिनुपर्छ । परिवर्तित विश्वसन्दर्भअनुसार नेपालले आफूलाई ढाल्न सकेन भने भोलिका दिनमा झनै समस्या बढ्ने देखिन्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट


## ढिलो समर्थन मूल्य तोक्दा खाद्य संस्थानले धान खरीद गर्न सकेन

खाद्य संस्थान केन्द्रीय कार्यालयले धानको समर्थन मूल्य तोक्न ढिलाइ गर्दा संस्थानको सेती अञ्चल कार्यालय यस वर्ष लक्ष्यको ७ प्रतिशत मात्र धान खरीद गर्न सफल भएको छ । पश्चिम तराईका कैलाली र कञ्चनपुरबाट संस्थानले ६० हजार क्वीण्टल धान खरीद गर्ने लक्ष्य राखेको थियो । माघ मसान्तसम्ममा जम्मा ४ हजार २ सय ७१ क्वीण्टल मात्र धान खरीद भएको संस्थानका जिन्सी सहायक जगत कुँवरले जानकारी दिए । किसानबाट धान नआएपछि अञ्चल कार्यालयले केन्द्रको निर्देशनमा मङ्सिर अन्त्य र पुसमा दुईपटक धानको समर्थन मूल्य तोकेको थियो ।

वर्ष ८, अंक १५३, मङ्गलवार, ८ फागुन, २०६९

# बजेट मन्थनको कर्मकाण्ड

## कार्यान्वयनमुखी बजेट किन बन्दैन ?



हामीकहाँ वैदेशिक ऋणमा समेत भ्रष्टाचार गर्ने खतरनाक प्रवृत्ति छ । स्रोतको जोहो हुनै नसक्ने योजना राखेर भएको सानोतिनो रकम तानतुन पार्ने अभ्यास विकासको मूल अवरोध हो । थोरै, तर व्यावसायिक आर्थिक सम्भाव्यता भएका योजना अघि बढाउनुपर्छ ।

ओमप्रकाश खनाल

सरकार आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको आकार र प्राथमिकता पहिचानमा जुटेको छ । सरकारका मन्त्रीदेखि संसद्का अनेक समिति र उपसमितिहरू बजेट र नीति लक्षित छलफलमा सक्रिय देखिएका छन् । अर्थमन्त्री विष्णु पौडेल र बारा र पर्साका उद्योगी व्यापारीहरूबीच शुक्रवार यस्तो अन्तरक्रिया तय छ । केही दिनअघि संसद्को उद्योग तथा वाणिज्य, श्रम एवम् उपभोक्ता हित समितिले वीरगञ्जको निजीक्षेत्रसँग उद्यम व्यापारका सरोकारहरूमा अन्तरक्रिया गर्‍यो । यस्ता औपचारिकतामा निजीक्षेत्रलाई बढी समेट्ने गरिएको त छ तर अपेक्षाहरूको सम्बोधन कमैमात्र हुन सकेको छ । बजेटको पूर्वतयारीमा प्रत्येक वर्ष आयोजना हुने यस्ता बहसहरूमा पुरानै एजेन्डा दोहोरिनु सरकारले सुन्ने, तर सम्बोधन नगर्ने परिपाटीको प्रमाण हो ।

वीरगञ्ज उद्योग वाणिज्य संघले बजेटकेन्द्रित जमघटमा सुनाउँदै आएका सुझावलाई नै स्मरण गरौं, यसमा नयाँ अपेक्षा र अनुभूति केही हुँदैन । भन्सारमा मूल्यांकन र दरबन्दीदेखि राजस्वका दरका समस्या, आईसीपी, आईसीडीका क्षमता विस्तार र उपयोग, सीमाक्षेत्रको अनधिकृत व्यापार नियन्त्रणका कुरा नयाँ होइनन् । प्राविधिक शिक्षालयको स्थापना, बारा-पर्सा कोरिडोरलाई औद्योगिक कोरिडोरको मान्यताजस्ता विषय दशकौंदेखि दोहोरिएका छन् । शीपमूलक तालिम र दक्षता अभिवृद्धिका लागि अन्तरराष्ट्रिय मापदण्डको प्राविधिक विद्यालयको माग पनि निजीक्षेत्रले छुटाएको छैन । पर्सा र बाराको समग्र आर्थिक विकाससँग जोडिएका चक्रपथ निर्माण, विशेष आर्थिक क्षेत्रको प्रभावकारी सञ्चालन, अन्तरराष्ट्रियस्तरको तरकारी बजार, प्राविधिक तथा औद्योगिक प्रशिक्षण विकास केन्द्र, अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, निजगढ विमानस्थल, द्रुतमार्ग, वीरगञ्ज-पोखरिया खाद्य प्रशोधन क्षेत्र, व्यापार मेला तथा प्रदर्शनीस्थलजस्ता माग पनि जस्ताको त्यस्तै छन् । तहगत सरकारको अव्यावहारिक कर, उद्योग र व्यापारमैत्री नियम कानून निर्माणदेखि कार्यान्वयनसम्मका कुरामा कुनै नौलोपन छैन । यी निरन्तर भन्दै र सुन्दै आएका विषय हुन्, हुन नसकेको त सम्बोधनमात्रै हो ।

जति नै सुधारका कुरा गरे पनि अर्थतन्त्र अहिले मन्दी उन्मुख छ । लगानीकर्ताको मनोबल खस्किएको छ, उकास्ने प्रयास सरकारबाट भएको छैन । व्यापारघाटा हाम्रो आर्थिक असन्तुलनको मूल समस्या हो । तर, यसलाई कसरी सही बाटोमा ल्याउने ? त्यो चुनौतीको विषय हो । यस्ता विषयमा सरकार आवश्यकताजति गम्भीर नभएको भान हुन्छ । निकासी व्यापार दिगो छैन । बाहिरबाट कच्चा पदार्थ ल्याएर भारत निर्यातमा आधारित तेल उद्योगले यसमा भरथेग दिएको छ । यो व्यापार कहिलेसम्म चल्ने हो, टुंगो छैन । अहिले नै भारतीय उद्यमीले नेपालबाट हुने आयात रोक्न अनेक पहल पैरवी गरेका समाचार त्यहाँका सञ्चारमाध्यममा आइराखेका छन् । भारतले आफ्नो बजार व्यवस्थापनका लागि लिने नीतिको छिद्र समातेर भइरहेको यो र यस्तो खालको व्यापारले दीर्घकालीन लाभ दिन सम्भव छैन । यस्तो उद्यममा अर्बौं रुपैयाँ लगानी र तीव्र प्रतिस्पर्धा छ । विगतमा घीउ, तामा, जिंकलगायत निकासीमा आधारित उद्योग डुबेजस्तै हविगत तेल उद्योगको पनि नहोला भन्न सकिँदैन । मौलिक उत्पादनलाई बढावा दिने नीतिले मात्र अर्थतन्त्रको दिगो आधार निर्माण सम्भव हुन्छ ।

अहिले भारतबाट हुने अनधिकृत आयातका कारण खाद्यान्न उद्योगको अर्बौं रुपैयाँ लगानी जोखिममा परेको छ । नेपालका राम्रो सम्भावना भएर पनि कपडा उद्योगले त्यसको उपयोग गर्न पाएका छैनन् । ८० प्रतिशतभन्दा बढी कपडाको आपूर्ति आयात र अवैध कारोबारले गरिरहेको छ । दैनिक उपभोग्य बस्तुको आयात अनधिकृत व्यापारमै भरमा चलेको छ । सरकारी राजस्व नीतिकै कारण कतिपय यस्ता वस्तुको अवैध व्यापार भइरहेकोमा सरकार बेखबर छैन, नभएको त्यस्तो नीति सच्याउने तत्परतामात्रै हो ।

हामी तहगत सरकारको कर अराजकतामा रुमलिइरहँदा भारतले करप्रणालीमा अग्रगामी सुधार ल्यायो । त्यहाँ आम दैनिक उपभोग्य वस्तुमा न्यून करको नीति लिइँदा हामीकहाँ भने यस्ता वस्तुका करमाथि कर थोपर्ने काम भइरहेको छ । यसले एकातिर स्वदेशी वस्तुको लागत बढेको छ, अर्कातिर खुला सिमानाको दुरुपयोग गर्दै भारतबाट अवैध आयात भइरहेको छ । सरकारका नीति कतिसम्म हचुवा छन् भन्ने कुरा बारम्बार प्रमाणित भइआएका छन् । केहीअघि सरकारले विदेशी मुद्राको असन्तुलन समाधान गर्न आयात नियन्त्रणको नीति लियो । नियन्त्रण अपनाइएकामध्ये सवारीसाधनबाहेक सबैजसो उत्पादन बजारमा भेटिन्थ्यो । सवारीसाधनको अवैध आयात लुकाउन नसकिने भएकाले नियन्त्रणमा आयो । अन्य उत्पादनको अनधिकृत आयात बढ्यो, सरकारको राजस्व खुम्चियो । सरकारले यो तथ्य बझेर प्रतिबन्ध फुकुवा गर्‍यो । तर, त्यतिबेलासम्म बजार र माग शिथिल भइसकेको थियो । त्यतिखेर बिग्रिएको बजार अहिलेसम्म लयमा आउन सकेको छैन । सरकारको नेतृत्वमा रहेकाहरू काम गर्न चाहँदैनन्, समस्याको टालटुले समाधान खोज्छन् । यसले बजारलाई अस्थिर र कतिपय अवस्थामा अराजक बनाउँछ ।

- लगानीकर्ताको मनोबल खस्किएको छ, उकास्ने प्रयास सरकारबाट भएको छैन ।
- अहिले भारतबाट हुने अनधिकृत आयातका कारण खाद्यान्न उद्योगको अर्बौं रूपैयाँ लगानी जोखिममा परेको छ ।
- भारतले आफ्नो बजार व्यवस्थापनका लागि लिने नीतिको छिद्र समातेर हुने व्यापारले दीर्घकालीन लाभ दिन सम्भव छैन ।
- बजेटमा लोकप्रियतालाई घुसाउँदा यो राजनीतिक पर्चाबाहेक अन्य लाग्दैन ।

अहिले राजस्व घटेकोमा चिन्ता प्रकट गरिरहेको सरकार भारतबाट आउने कतिपय दैनिक उपभोग्य वस्तुमा उच्च दरको महशुल तोकेर बसेको छ । भारतमा ती वस्तुमा कर न्यून हुँदा त्यहाँबाट अवैध आयात मौलाएको छ । यसबाट सीमित दुई नम्बरी व्यापारी र त्यसको कमाई खान पल्किएका सरकारी निकायका प्रमुखहरूलाई अनधिकृत लाभ मिलेको छ, सरकारी ढुकुटी भने झन खुम्चिएको छ । उच्च भन्सार दर राखिएका यस्ता अधिकांश वस्तु वैध माध्यमबाट भित्रिँदैनन् । सरकारले आयात प्रतिबन्ध लगाएकै वस्तुहरू बजारमा छ्याप्छ्याप्ती भेटिन्छन्, कसरी ? अवैध आयातको खर्चसमेत १० देखि १५ प्रतिशत हुने तथ्यलाई आधार मान्दा भारतमा लाग्ने वस्तु तथा सेवा करको रकममा १० प्रतिशतसम्म पनि महशुल थपेर लिँदा पनि यी वस्तु भन्सारबाट भित्रिन सम्भव छ । यस्ता उत्पादनमा न्यून कर तोक्दा वैधानिक तरीकाले भित्रिने र राजस्व पनि बढ्ने तथ्य सरकारको जानकारीमा नभएको होइन, सुधारमा उदासीनताको कारण बुझ्न सकिएको छैन ।

आर्थिक शिथिलताको एउटा समाधान उधारो असुली हो । यसका लागि कानून ल्याउने कुरामा निजीक्षेत्रमात्र होइन, सरकार पनि सहमत छ । यसले उधारो कारोबारलाई व्यवस्थित गर्दैन, वित्तीय प्रणालीमा बारम्बार दाहोरिने तरलता अभावको समस्याको दिगो निकास निस्किन सम्भव हुन्छ । यसको चक्रीय प्रभाव उद्यम व्यापार हुँदै अर्थतन्त्रमा सकारात्मक तरीकाले पुग्छ । अहिले ६ महीनासम्म उधारोमा चल्ने व्यापारका लागि उद्यमीले चाहिनेभन्दा ४/५ गुणा बढी ऋण लिने अवस्था छ । उधारो चक्रलाई १ महीनामा झार्ने हो कर्जाको माग घट्छ ।

बजेट भनेको राजस्वका दर र आयातनिर्यातमात्र होइन, यो त समग्र विकासको मार्गचित्र हो भन्ने तथ्यलाई पूरै बेवास्ता गरिएको छ । बजेट भनेको केवल सरकारको एक वर्षीय आय र व्ययको विवरणमात्र होइन, यो त सरकारले लिएका दीर्घकालीन विकास योजनाको आधार पनि हो । विकास लक्ष्यलाई भेट्टाउने गरी बजेटमा कार्यक्रम समेट्नुपर्छ । बजेटपूर्वका मन्थनहरूमा यस्ता विषयमा खासै चर्चा हुँदैनन् । बजेट हावा भरिएको बेलुनजस्तो बनाउने र ६ महीना नबित्दै आम्दानी र खर्चदेखि अर्थतन्त्र विस्तारको अनुमानसमेत घटाउने काम प्रत्येक वर्ष पुनरावृत्ति भएको छ । बजेटमा तत्काल खुशी लाग्नेभन्दा पनि दीर्घकालीन सुखका आधार समेटिनुपर्छ । बजेटमा देशको आर्थिक अवस्थालाई कुन नीतिबाट अघि बढाउने हो, त्यसको स्पष्ट चित्रण भेटिनुपर्छ । बजेट विकासको स्वरूप र गतिलाई निर्दिष्ट गर्ने मार्गनिर्देशक हो । बजेटमा लोकप्रियतालाई घुसाउँदा यो राजनीतिक पर्चाबाहेक अन्य लाग्दैन । यथार्थ आवश्यकताको प्राथमिकीकरणलाई आधार बनाउनुपर्छ ।

कतिपय देशले घाटाको बजेट बनाएर विकासमा नमूना काम गरेका पनि छन् । ऋण लिएर बनाइएका योजनाहरूको व्यावसायिक सम्भाव्यतालाई ध्यान दिइनुपर्छ । अहिले पोखरा र भैरहवा विमानस्थलका लागि लिइएको ऋण समस्या बन्ने देखिएको छ । अर्बौं रुपैयाँ खर्चिएर बनाइएका यी संरचनाको व्यावसायिक उपयोग चित्तबुझ्दो छैन । हामीकहाँ वैदेशिक ऋणमा समेत भ्रष्टाचार गर्ने खतरनाक प्रवृत्ति छ । स्रोतको जाहो हुनै नसक्ने योजना राखेर भएको सानोतिनो रकम तानतुन पार्ने अभ्यास विकासको मूल अवरोध हो । थोरै तर व्यावसायिक आर्थिक सम्भाव्यता भएका योजना अघि बढाउनुपर्छ । यस्ता योजना समयसीमाभित्रै पूरा गर्ने गरी नीति लिनुपर्छ । योजनाहरूको चाङको अर्थ छैन । व्यावसायिक सम्भाव्यता नभएका योजनाहरू काम लाग्दैनन् । बजेट लोकरिझ्याइँ होइन, आवश्यकतामा आधारित हुनुपर्छ ।

# काँचको निर्माण र आयातनिर्यात



काँच उत्पादनका लागि प्राथमिक कच्चा पदार्थ बालुवा, सोडा खरानी र चुनढुङ्गा हुन् । काँचको संरचना प्रदान गर्ने मुख्य घटक सिलिका (बालुवा) (लगभग ७० प्रतिशत) हो । यसको प्रयोगले काँचको मुख्य निर्माण ब्लक (सिलिकन डाइअक्साइड) प्रदान गर्छ ।

- राम वाग्ले

आजको आधुनिक युगमा काँचविनाको भौतिक साधन र संरचनाको कल्पना गर्न पनि नसकिने भएको छ । भान्छाका भाँडाकुँडा, सजावटका वस्तुदेखि भौतिक संरचनाहरूमा जहाँकहीँ यसको प्रयोग हुने हुँदा यसलाई बहुआयामिक भन्न सकिन्छ । ढुङ्गे युगदेखि नै तीर र चक्कुहरू बनाउन प्राकृतिक काँचको प्रयोग हुँदै आएको छ । काँचको औद्योगिक उत्पादन हुन थालेपछि विविध प्रयोगका लागि आवश्यकताअनुसार उत्पादन गर्ने गरिन्छ । ज्वालामुखी काँचजस्ता केही काँचहरू प्राकृतिक रूपमा पनि प्राप्त हुन्छन् ।

काँच बनाउने काम कम्तीमा ३६०० ईसापूर्व मेसोपोटामिया, इजिप्ट वा सिरियामा भएको थियो । कुनै पनि आकारमा सजिलैसँग बन्न सक्ने भएकाले काँचलाई परम्परागत रूपमा भाँडाकुँडा, फूलदान, बोतल, जार र पिउने गिलासजस्ता भाँडाकुँडा बनाउन प्रयोग गरिन्छ । लगभग ७० प्रतिशत सिलिका भएको सोडा-चुनाको काँचले आधुनिक निर्मित काँचको लगभग ९० प्रतिशत अंश ओगटेको छ । काँच तयार गर्ने प्रक्रियामा धातुको लवणजन्य यौगिक थपेर रङ्गीन काँचहरू तयार गरिन्छ । अथवा तयार भएको काँचको बाहिरी भागमा इनामेलले रंगाउन र छपाइ पनि गर्ने गरिन्छ । काँचका झ्यालहरू र अन्य काँच कला वस्तुहरूमा यसको प्रयोग हुन्छ ।


काँचको आवर्तक, परावर्तक र प्रसारण गुणहरूले काँचलाई अप्टिकल लेन्स, प्रिज्म र अप्टोइलेक्ट्रोनिक्स सामग्रीहरू निर्माण गर्न उपयुक्त बनाउँछ । ग्लास फाइबरहरूमा सञ्चार सञ्जालहरूमा अप्टिकल फाइबर, ग्लास उल, थर्मल इन्सुलेटेड सामग्री, फाइबरग्लास आदि विविध रूपमा यसको प्रयोग गरिन्छ । काँच पारदर्शी र रासायनिक रूपमा निष्क्रिय हुन्छ । काँचबाट झ्यालका फलकहरू, टेबलवेयरहरू र अप्टिक्सका व्यावहारिक, प्राविधिक र सजावटी प्रयोगका सामान बन्छन् । काँच सामान्यतया मुख्यतया सिलिका (बालुवा), सोडा खरानी र चुनढुङ्गाबाट बनाइन्छ । बालुवा (सिलिका अर्थात् सिलिकन डाइअक्साइड), सोडा खरानी (सोडियम कार्बोनेट), र चुनढुङ्गा (क्याल्सियम कार्बोनेट) लाई एकसाथ पगालेर झोल रूपमा काँच तयार गरिन्छ । त्यसपछि पग्लिएको मिश्रणलाई चिसो पारेर आकार दिइन्छ । काँच बनाउने मुख्य घटक सिलिका (बालुवा) लगभग ७० प्रतिशत हो । यसको प्रयोगले काँचको मुख्य निर्माण ब्लक (सिलिकन डाइअक्साइड) प्रदान गर्छ । सोडा खरानीले बालुवालाई पग्लन सजिलो बनाउँछ । चुनढुङ्गा (क्याल्सियम कार्बोनेट) ले तरल पदार्थमा घुल्नबाट रोक्छ, काँचमा स्थिरता र स्थायित्व थप्छ ।

पग्लने ऊर्जा कम गर्न कुलेट (पुनर्प्रयोग गरिएको टुटेफुटेका काँचका टुक्राहरू) लाई पुनर्नवीकरण गरिएको काँचको रूपमा प्रायः थपिन्छ (३० प्रतिशत सम्म) । पग्लनु अघि एक समान संरचना सुनिश्चित गर्न कच्चा पदार्थहरू सावधानीपूर्वक तौलिन्छ र मिसाइन्छ । मिश्रणलाई लगभग १५०० देखि १७०० डिग्री सेल्सियस तापक्रममा तताइएको भट्टीमा हालिन्छ र तताइन्छ जबसम्म ती तरल हुँदैनन् । पग्लिएको काँचलाई विभिन्न विधिमार्फत चिसो पारिन्छ र इच्छित रूपमा आकार दिइन्छ ।

विशिष्ट आकारहरू सृजना गर्न पग्लिएको काँचलाई मोल्डिङ गर्ने, पग्लिएको काँचलाई रोलिङ गरी पाताका रूपमा तयार गर्ने, ब्लोपाइप प्रयोग गरी हावाद्वारा चाहिएअनुसारको आकार दिइन्छ । आन्तरिक तनाव कम गर्न र फुट्नबाट रोक्न काँचलाई त्यसपछि नियन्त्रित तरीकाले बिस्तारै चिसो पारिन्छ । काँचका प्रकारहरू र तिनीको प्रयोग पनि फरक फरक हुन्छ । सोडा-लाइम काँच सबैभन्दा सामान्य हो जुन झ्यालबोतल बनाउन प्रयोग हुन्छ । बोरोसिलिकेट काँच ताप प्रतिरोधीहुन्छ र प्रयोगशाला, पाइरेक्सजस्ता कुकवेयरमा प्रयोग हुन्छ । टेम्पर्ड ग्लास बलियो र सुरक्षित हुन्छ र कारको झ्याल, नुहाउने ढोका आदि बनाउन प्रयोग हुन्छ । लेमिनेटेड ग्लास विन्डशिल्ड आदि बनाउन प्रयोग हुन्छ । अप्टिकल ग्लास चश्मा, क्यामेरा आदि बनाउन प्रयोग हुन्छ । काँच गुणस्तरमा क्षतिविना १०० प्रतिशत रिसाइकल गर्न सकिन्छ । नयाँ काँच उत्पादन गर्न टुक्रिएको क्युलेट पगालिन्छ, ऊर्जा र कच्चा पदार्थ बचत हुन्छ ।

यसरी हेर्दा खासै जटिल प्रविधिको आवश्यकता नपर्ने काँचको उत्पादन नेपालमा हुन सकेको छैन ।

### आयात




काँच तथा काँचबाट बनेका सामानहरूको आयात तथा निर्यातको अवस्था बारेमा भन्सार विभागबाट प्रकाशित तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।

आर्थिक वर्ष (आव) २०७६/७७ मा रू. ५ अर्ब ६७ करोड मूल्यको काँच आयात भएको थियो । त्यसपछिका वर्षहरूमा प्रत्येक वर्ष आयातमा क्रमशः वृद्धि हुँदै आएको छ । आव २०७८/७९ सम्ममा रू. १० अर्ब १२ करोड मूल्यको आयात भएको थियो । त्यसपछिका वर्षहरूमा आयातमा ओरालो लाग्दै आव २०८०/८१ सम्ममा रू. ९ अर्ब ७ करोड मूल्यको आयात भएको थियो । चालू आवको प्रथम ८ महीनामा रू. ६ अर्ब ६० करोड मूल्यको आयात भएको छ ।

काँच र काँचबाट बनेका वस्तुहरू (ग्लासवेयर) शीर्षक ७० अन्तर्गत चालू आवको प्रथम ८ महीनामासबैभन्दा बढी आयात भएका वस्तुमा ठूलो काँचको बोतल, फ्लास्क, जार, भाँडा आदि छन् जसको आयात मूल्य रू. २ अर्ब ९२ करोड रहेको छ । यो कुल काँच आयातको ४४ दशमलव ३ प्रतिशत अंश ओगटेको छ । यी वस्तुहरू भारत, चीन र श्रीलङ्काबाट प्रमुख रूपमा आयात भएका पाइन्छ । दोस्रो, तारविहीन, परिष्कार नगरिएको, पाताका रूपमा तैयाएर बनाएको, घोटेको र चम्काइएको काँच रू. १ अर्ब ६८ करोड मूल्यको आयात भएको छ ।

यसको अंश २५.५ प्रतिशत रहेको छ । आयात गरिएका मुलुकहरू भारत, बंगलादेश, चीन र थाइल्यान्ड प्रमुख रहेका छन् । तेस्रो र चौथो आयात भएका वस्तुमा चुरा, टीका, टिकुली (जसको आयात प्रमुख रूपमा भारत र चीनबाट भएको) र पोते (प्रमुख आयात गरिएको मुलक चीन, जापान, भारत र चेक रिपब्लिक) प्रमुख रूपमा रहेका छन् । यी वस्तुको जम्मा ८ करोड ५४ लाख मूल्यको आयात भएको छ ।

आव २०७६/७७ मा रू. ८१ करोड ९३ लाख मूल्यको काँच निर्यात भएको थियो । आव २०७८/७९ सम्म वृद्धि हुँदै करीब रू. १ अर्ब. ७१ करोड २४ लाखको निर्यात भएको देखिन्छ । गत आव २०८०/८१ मा रू. १ अर्ब ७ करोड १२ लाख मूल्यको निर्यात भयो । चालू आवको प्रथम ८ महीनामा भने ६३ करोड ८१ लाख मूल्यको काँच निर्यात भएको छ ।

यसरी निर्यात भएका काँचबाट बनेका वस्तुहरूमा टेबुल, भान्सा, शौचालय, कार्यालय, भित्री सजावट वा यस्तै प्रयोजनमा प्रयोग हुने सामानहरू पर्छन् । यस्ता वस्तु निकासी हुने प्रमुख देशहरूमा संयुक्त राज्य अमेरिका (रू. ३१ करोडको) र फ्रान्स (रू. १४ लाखको) रहेका छन् । दोस्रो निकासी हुने वस्तुमा टुटेफुटेका वा अवशिष्ट काँच र काँचको अन्य अवशेष र पत्रुहरू, खास प्रयोजनका लागि नबनाइएका काँचका ढिकाहरू, परिष्कार नगरिएका काँचका डल्लाहरू, डन्डी वा नलीहरूजस्ता वस्तु पर्छन् । निकासी हुने प्रमुख देशमा भारत (रू. १९ करोडको) रहेको छ । तेस्रो निकासी हुने वस्तुको प्रकारमा काँचका मूर्ति र आलङ्कारिक सामानहरू रहेका छन् । यसको निर्यात पनि संयुक्त राज्य अमेरिका (रू. ८ करोडको) र फ्रान्स (रू. १ करोड ३६ लाखको) रहेका छन् ।

*लेखक भन्सार विभागका पूर्वकर्मचारी हुन् ।*

बाँकी पृष्ठ १ बाट ...

## चरम अनियमितता...

विमानस्थलमा माटो भर्न २ करोड २२ लाख डलर, इन्धन टचांकीका लागि २ लाख डलर, परामर्श खर्चमा २८ लाख डलर पनि अतिरिक्त खर्च गरेको दाबी गरिएको छ । लागत झन्डै दोब्बर पारिएको पोखरा विमानस्थल बनाउन सरकारले चिनियाँ एक्जिम बैंकबाट चर्को ब्याजमा ऋण लिएको छ । २०७२ चैतमा नेपाल र चीन सरकारबीच भएको सम्झौताअनुसार १ अर्ब ३७ करोड युआन ऋण सम्झौता भएकोमा ३५ करोड ५९ लाख युआन निर्ब्याजी ऋण लिइएको थियो । नेपाली रुपैयाँअनुसार २२ अर्ब ६१ करोड रुपैयाँ ऋणमध्ये ५ अर्ब ८३ करोड निर्ब्याजी हो भने बाँकी २०९२ सालभित्र साँवासमेत चुक्ता गरिसक्नुपर्ने सम्झौता छ । त्यसबापत वार्षिक ८४ करोड रुपैयाँ तिर्नुपर्ने भए पनि विमानस्थल नचलेर आम्दानी नहुँदा किस्ता तिर्न सकेको छैन । नेपालबाट भएका उच्चस्तरीय भ्रमणका बेला उक्त ऋण अनुदानमा परिणत गर्न कोसिस भए पनि सफल भएको छैन । उक्त विमानस्थल निर्माणको जिम्मा चिनियाँ कम्पनी सीएमसीले पाएको थियो ।

विमानस्थल निर्माणका क्रममा २२ अर्ब रुपैयाँभित्रबाटै हुनुपर्ने एसी जडानको कामका लागि गैरकानूनी रुपमा थप साढे ७ लाख अमेरिकी डलर अर्थात् २ अर्ब रुपैयाँ अतिरिक्त भुक्तानी भएको उपसमितिको निष्कर्ष छ । उपसमितिका अनुसार विमानस्थलको धावनमार्ग विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) मा उल्लेख भएभन्दा २० फिट गहिरो बनाएको पाइएको छ । यसले गर्दा ठूला विमान उड्न समस्या उत्पन्न भएको छ । एकातिर धावनमार्ग डीपीआरभन्दा गहिरो बनाएर उडानलाई असर गर्ने अर्कोतिर पूर्वतिर रहेको छिनेडाँडा ३० मिटर काट्नुपर्नेमा ४० मीटर कटाइएको प्रतिवेदनमा उल्लेख छ ।

धावनमार्ग फिलिङ गर्दा हाल्नुपर्ने ढुंगा, माटोजस्ता सामग्री पाँच किलोमीटर परबाट ल्याउनुपर्ने डीपीआरमा उल्लेख भए पनि त्यहीँ निस्केकाले मात्रै भरिएको महालेखापरीक्षकको ५९औं वार्षिक प्रतिवेदनमा उल्लेख भएको कुरा संसदीय उपसमितिको प्रतिवेदनमा पनि समेटिएको छ । त्यसबापत विनियोजित १ अर्ब ८२ करोड रुपैयाँ कामै नगरी भुक्तानी गरिएको उपसमितिको निष्कर्ष छ ।

विमानस्थल निर्माणका क्रममा भएको अनियमितताबारे २०७० सालमा दर्ता भएको उजुरीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान नै गरेको थिएन । लोकमानसिंह कार्की नेतृत्वको अख्तियारले १२ चैत २०७० मा अनुसन्धानलाई तामेलीमा राख्ने निर्णय गरेको थियो । तर, पछि उजुरी परेपछि अख्तियारले २०८० कात्तिकमा स्थलगत अध्ययन गरेको थियो । तर, चर्को राजनीतिक दबाबका कारण आयोगले पनि छानबिन प्रक्रिया तामेलीमा राखेको छ ।

### कारबाहीको सिफारिशमा कोको ?

संसदीय उपसमितिले तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष रेग्मी, अर्थमन्त्री शंकरप्रसाद कोइराला, अर्थमन्त्री रामकुमार श्रेष्ठ, विज्ञसमूहका संयोजक तिमिल्सिनालाई जिम्मेवार बनाउन भनेको छ । उपसमितिले विमानस्थल निर्माण गर्दा हालका महानिर्देशक प्रदीप अधिकारी आयोजना प्रमुख रहेको र उनकै निर्देशनमा काम भएको भन्दै अधिकारीलाई तत्काल निलम्बन गरेर थप अनुसन्धानका साथै सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउन सिफारिश गरेको छ ।

उपसमितिले क्यानका महानिर्देशकलाई तत्कालै हटाएर अनुसन्धान गर्नुपर्ने सुझाव प्रतिवेदनमा राखिएको उपसमिति सदस्य प्रेमकुमार आलेले जानकारी दिए । 'यो विमानस्थल निर्माणमा भएको भ्रष्टाचार अहिलेसम्मकै ठूलो अर्थात १४ अर्ब रुपैयाँभन्दा बढी भएकाले पनि संलग्न पदाधिकारीलाई निलम्बन गरेर कारबाही गर्न हामीले भनेका छौं,' उपसमिति सदस्य आलेले अभियानसँग भने । त्यस्तै, उपसमितिले प्राधिकरणका पूर्वमहानिर्देशकद्वय सञ्जीव गौतम र राजन पोखरेलमाथि अनुसन्धान गर्न सुझाव दिएको छ । पोखरा विमानस्थल आयोजनामा २०७४ सालदेखि हालसम्म आयोजना प्रमुख बनेका विनेश मुनांकर्मीमाथि अनुसन्धान हुनुपर्ने भनेको छ । त्यसैगरी उसले राष्ट्रिय गौरव आयोजनाका निर्देशक चाँदमाला श्रेष्ठ, इन्जिनीयर प्रवीण न्यौपाने, प्रशासन प्रमुख राजेन्द्रप्रसाद पौडेल, प्राधिकरणका निर्देशक बाबुराम पौडेलमाथि पनि अनुसन्धान गर्न भनेको छ ।

अनियमितामा अर्थमन्त्री भएका ज्ञानेन्द्रबहादुर कार्कीको समेत संलग्नता देखिए पनि अर्थ मन्त्रालयले उनको गल्ती देखाउने कागजात दिन आनाकानी गरेकाले उनलाई जिम्मेबार बनाउन उपसमितिले नसकेको अर्का एक सदस्यले बताए ।

उपसमितिमा सांसद लेखनाथ दाहाल, अर्जुननरसिंह केसी, गोकुलप्रसाद बाँस्कोटा, जनार्दन शर्मा, प्रेमबहादुर आले, तारा लामा, दीपक गिरी, देवप्रसाद तिमिल्सिना, रामकृष्ण यादव, रुक्मणी रानालगायत सदस्य थिए । उक्त समितिले तयार गरेको प्रतिवेदन अझै लेखासमितिमा आइनसकेको सचिव एकनारायण गिरीले बताए । उनका अनुसार उपसमितिले प्रतिवेदन तयार गरिसकेकाले छिट्टै समितिमा पेश हुनेछ । प्रतिवेदन प्राप्त भएपछि समितिले आवश्यक कदम चाल्ने बताइएको छ ।

# होटेल र पार्कले भरिँदै धरान आसपासका डाँडापाखा

धरान (सुनसरी) । धरान पुग्नेहरू भेडेटार गएर चिसोको आनन्द लिन थालेको वर्षौं भइसक्यो । अर्थात् धरान र भेडेटार एकअर्काका पर्याय भइसके, स्थापित भइसके ।

कवि उपेन्द्र सुब्बाले 'भेडेटारको पिकनिक' कवितामा भने झैं भेडेटारका पर्यटकीय पूर्वाधारले सबै उमेर समूहका व्यक्तिलाई लोभ्याउने गरेकै थियो । अहिले भने भेडेटारसम्म पुग्नै पर्दैन । केही तलका डाँडापाखामा खुलेका राम्रा, आकर्षक, शान्त र मन लोभ्याउने होटेल र रिसोर्टले स्थानीय र टाढाटाढाका पर्यटकलाई सन्तुष्ट बनाइरहेको पाइन्छ ।

धरान उपमहानगरपालिका -१३ स्थित भ्यु-पोइन्ट र सारांगा डाँडालगायत डाँडापाखा केही वर्षपहिले सुनसान जंगल थिए । अहिले नयाँ होटेल, रिसोर्ट र रमणीय पार्कले भरिएका छन् ।

पार्क र होटेल निर्माणसँगै पर्यटक आगमन पनि बढ्दै गएको छ । अहिले यस क्षेत्रमा ४० भन्दा बढी होटेल, रिसोर्ट र रेस्टुरेन्ट सञ्चालनमा छन् भने दर्जनौं पार्क बनेका छन् । यसले गर्दा यहाँ दिनहुँ नेपाल र भारतबाट उल्लेख्य संख्यामा पर्यटक आइरहेको स्थानीय व्यवसायी बताउँछन् ।

धरान-१३ का निरज कोइराला धरानको सन्ध्याकालीन व्यापार र रमझम केही माथिका डाँडातिर सरेको बताउँछन् । 'केही वर्ष अगाडिसम्म यी डाँडामा जंगल, झाडी र गोठालाका खेलमैदानमात्रै थिए । हामी घाँसदाउरा गर्न र गोठालो जान्थ्यौं,' कोइरालाले सुनाए । 'डाँडापाखा पार्क र रिसोर्टले ढाकिएसँगै स्थानीयवासीले रोजगारी नयाँ अवसर पाएका छन् ।' लाहुरेको शहर, फेसनेबल शहर, खेलकुदको शहर' लगायत अनेक उपनामले परिचित धरान पछिल्लो समय मनोरञ्जन क्षेत्रमा पनि निकै अगाडि छ । यसैको एउटा नमूना हो- डाँडापाखामा खुलेका नयाँ होटेल, रिसोर्ट र मनोरञ्जनात्मक पार्कहरू ।

पर्यटकीय सम्भावना देखिएसँगै यस क्षेत्रमा स्थानीय र बाहिरका लगानीकर्ताले पर्यटन व्यवसायमा लगानी बढाउँदै लगेका छन् । वैदेशिक रोजगारीका सिलसिलामा १४ वर्ष कतार बसेर फर्केका सुनिल श्रेष्ठले धरान उपमहानगरपालिका-१३ मा द होटेल भ्यु सञ्चालन गरिरहेका छन् । विदेशमा सिकेको शीप, अनुशासन र व्यवसाय कौशललाई होटेल सञ्चालन गरेर उपयोग गरिरहेको श्रेष्ठले बताए ।

'शुरूमा ठूलो लगानी हालेर थालेको व्यवसाय डुब्ला कि भन्ने डर थियो । शुरुआती समयमा चुनौती भए पनि अहिले होटेल राम्रो चलिरहेको छ । त्यही कारण थप लगानी गर्ने हौसला मिलेको छ । धरानको प्राकृतिक सौन्दर्य जोगाउँदै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने प्रयत्न गरिरहेका छौं,' उनले भने । अहिले तीन कट्ठा जमिनमा करोड रुपैयाँ हाराहारी लगानीमा होटेल सञ्चालन गरिरहेको उनले जानकारी दिए । धरान आसपासका डाँडामा होटेल र मनोरञ्जन पार्क निर्माण भएपछि रोजगारीको अवसर बढेको छ । द होटेल भ्युमा मात्रै १७ जनाले रोजगारी पाएका छन् ।

द होटेल भ्युमा विगत तीन वर्षदेखि काम गरिरहेका समीर परियार भन्छन्, 'यहाँ काम नपाएको भए अहिले म विदेशमा हुन्थें होला । आफ्नै ठाउँमा काम गरेर धेरथोर आम्दानी गरिरहेको छु । परिवारसँग बस्न पाएको छु ।'

धरान-१३ को होटेल मनशान्तका मेनेजर सुजन राईका अनुसार कोरोना महामारीका बेला खस्किएको व्यापार, व्यवसाय अहिले विस्तारै बढ्न थालेको छ । पर्यटकको चहलपहल निकै हुन थालेपछि यहाँका व्यवसायी खुशी छन् । दैनिक हजारौंको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक घुम्न आउने गरेको उनले बताए ।

पिकनिक स्पट, भव्य रिसोर्ट र आकर्षक पार्कले आन्तरिक पर्यटकलाई तानिरहेको इटहरीबाट घुम्न आएकी सुमी राईले बताइन् । 'धरानको सिरानमा रहेका यस क्षेत्रका होटेल र रिसोर्टहरू साँच्चिकै मनमोहक छन् । *रासस*


**बागमती प्रदेश सरकार**

**खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय**

**खानेपानी तथा सरसफाई डिभिजन नं.४**

**रामेछाप, नेपाल**

**विषय : बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

***प्रकाशित मिति : २०८२/०१/०३***

यस कार्यालयको मिति २०८१/१०/३० गते प्रकाशित विद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यको लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्र पेश गर्ने सम्बद्ध सबैका लागी यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेका नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ. कर/PS बाहेक) |
|---|---|---|---|---|
| १. | CONS/NCB/ RCH/ 11/2081/82 | Construction of RCC tank, Pipeline work for Chisapani Jhora WSP | श्री टफ बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. वार्ड नं. १, दहचोक चन्द्रागिरी न.पा., काठमाडौं । | ४५२८३९६.२५।- |

**डिभिजन प्रमुख**



## धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम विक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०१/०५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका)**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ व्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक, लिखित पत्राचार तथा एसएमएसबाट बारम्बार तारताकेता गर्दा समेत वेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको साँवा व्याज चुक्ता/भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको साँवा व्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पुर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि **३५ (पैतिस) दिने लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ । धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि **यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा असुलि विभागमा** आइपुग्ने गरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । साथै लिलाम प्रक्रिया बाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम विक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०८० र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

**१. ऋणी तथा ब्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना**

**ऋणी : श्री सरोज न्यौपाने**
बाबु : देवी बहादुर न्यौपाने
बाजे : काली वहादुर न्यौपाने
ना.प्र.नं. : ०५२०३०८
जारी मिति : २०६२/०१/२१ (मोरङ्ग)
ठेगाना : मोरङ जिल्ला राजघाट गा.वि.स.वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ८ बस्ने ।



**व्यक्तिगत धनजमानीकर्ता : श्री देवी बहादुर न्यौपाने**
बाबु : काली वहादुर न्यौपाने
बाजे : डम्बर बहादुर न्यौपाने
ना.प्र.नं. : २२५२
जारी मिति : २०३७/०३/२४ (मोरङ्ग)
ठेगाना : मोरङ जिल्ला राजघाट गा.वि.स.वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ८ बस्ने ।



**व्यक्तिगत धनजमानीकर्ता : श्री आरती पनेरु**
पती : सरोज न्यौपाने
ससुरा : देवी बहादुर न्यौपाने
ना.प्र.नं. : ०५२०२४-२४५७
जारी मिति : २०६६/०४/१४ (मोरङ्ग)
ठेगाना : मोरङ जिल्ला दर्वेसा गा.वि.स.वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ८ बस्ने ।



**व्यक्तिगत धनजमानीकर्ता : श्री मैया देवी न्यौपाने**
पती : देवी बहादुर न्यौपाने
ससुरा : काली वहादुर न्यौपाने
ना.प्र.नं. : २/५०६
जारी मिति : २०६४/०७/२८ (मोरङ्ग)
ठेगाना : मोरङ जिल्ला राजघाट गा.वि.स.वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ८ बस्ने ।



**धितोको विवरण**

- ❖ सरोज न्यौपानेको नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला साविक जोरपाटी गा.वि.स वडा नं. ७ सिट नं. १०२१०३००३ स्थित कित्ता नं. ४८२ को क्षेत्रफल ९५.३९ बर्गमिटरको पुरा जग्गा र सो जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
- ❖ आइएमई कोअपरेटिभ सर्भिस लि. धनी कायम भई ऋणी सरोज न्यौपाने भएको सवारी साधन बसको चेसिस नं. MB1PAEBC4GAYF7060, ईन्जिन नं. GAEZ203609 दर्ता नं. प्र०१-०१-००१ ख ३८८७ को अशोक लेल्याण्ड बस ।

**२. ऋणी तथा ब्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना**

**ऋणी : श्री लक्ष्मी ढकाल शर्मा**
पति : भोजराज शर्मा
ससुरा : जिवनाथ पाध्या
ना.प्र.नं. : ४११०३५/७४२१२
जारी मिति : २०६५/०७/१७ (बाग्लुङ्ग)
ठेगाना : बाग्लुङ्ग जिल्ला छिस्ती गा.वि.स.वडा नं. १ स्थायी ठेगाना भएकी ।



**व्यक्तिगत धनजमानिकर्ता : श्री बुद्धिराज ढकाल**
बाबु : भुमिश्वर ढकाल
बाजे : नारायणदत्त ढकाल
ना.प्र.नं. : ६३२१
जारी मिति : २०५५/०९/२० (गुल्मी)
ठेगाना : गुल्मी जिल्ला कालीगण्डकी गा.पा.वडा नं. ६ स्थायी ठेगाना भएका ।



**व्यक्तिगत धनजमानिकर्ता : श्री भोजराज शर्मा**
बाबु : जिवनाथ पाध्या
बाजे : गुरु प्रसाद उपाध्या
ना.प्र.नं. : १६५६
जारी मिति : २०५०/०४/१४ (बाग्लुङ्ग)
ठेगाना : बाग्लुङ्ग जिल्ला छिस्ती गा.वि.स.वडा नं. १ स्थायी ठेगाना भएका ।



**धितोको विवरण**

❖लक्ष्मी ढकाल शर्माको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. (डिल्लीबजार) वडा नं. १६, नक्सा सिट नं.१०२०९८३०६ स्थित कित्ता नं. ४६ को जम्मा क्षेत्रफल २०८.६६ (०-६-२-१ रोपनी) बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

**लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरु :**

१. लिलाम विक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवाकेन्द्र कार्यालयहरु बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. लिलाम विक्री सम्बन्धि सम्पुर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउँसो ठिक १:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौंमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ ।

**पुनश्चः** उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम विक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम विक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय**
२०८२/०२/०८ गते कार्यालय समय सम्म

**बोलपत्र खोलिने मिति, समय र स्थान**
२०८२/०२/०९ गते शुक्रबार केन्द्रिय कार्यालय कान्तिपथ काठमाडौं दिउँसो १ बजे

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था

IME Co-operative Service Ltd.
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-524540
Nepalgunj: 081550708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500

Pokhara : 061-541683
Narayanghad : 056-528864
Ghorahi : 082-561717
Newroad : 01-4251581
Lahan : 033-562184

Gongabu : 01-4364761
Butwal : 071-546585
Lainchaur: 01-4443096
Dhangadhi: 091-590581
Baglung: 068-524280



## रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मितिः २०८२/०१/०५)**

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

**केन्द्रिय कार्यालयः कमलादी, काठमाडौं**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **नाम : हाइल्याण्ड विन्स कफी प्रा.लि.**<br>ठेगाना : काठमाण्डौ जिल्ला, बत्तिसपुतली वडा नं. ०९<br>दर्ता मिति : २०७३-०६-१२<br>दर्ता नं. : १५६७१८/०७३/०७४<br>पान नं. : ६०४३३३७६६<br>**कर्जा शिर्षक : व्यापारिक कर्जा कर्जा** | **हाइल्याण्ड विन्स कफी प्रा.लि.**को नाममा दर्ता रहेको नवलपरासी जिल्ला, वर्दघाट सुस्तापूर्व सिसवार वडा नं. ७ग, स्थित कित्ता नं. ११३, ११४ को क्रमशः क्षेत्रफल १६९२.९२ र १६९३.१५ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नाम : अर्जुन चौहान**<br>ठेगाना : रामेछाप जिल्ला, फुलासी वडा नं.०९<br>हालको ठेगानाः भक्तपुर जिल्ला, चुनदेवी वडा नं. ०८<br>बुवा : मान बहादुर चुहान<br>बाजे : कृष्ण बहादुर चौहान<br>**नाम : दुर्गा बहादुर श्रेष्ठ**<br>ठेगाना : रामेछाप जिल्ला, फुलासी वडा नं. ०६<br>बुवा : टिका राम श्रेष्ठ<br>बाजे : हस्त बहादुर श्रेष्ठ | **नाम : कविता कार्की चौहान**<br>ठेगाना : रामेछाप जिल्ला, मन्थली वडा नं. १४<br>हालको ठेगानाः भक्तपुर जिल्ला, चुनदेवी वडा नं. ०८<br>ससुरा : मान बहादुर चुहान<br>श्रीमान : अर्जुन चौहान |

**शाखा कार्यालयः न्यूरोड, काठमाडौं**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण |
|---|---|---|
| १. **नाम : चन्द्रिका श्रेष्ठ**<br>ठेगाना : महेन्द्रनगर वडा नं. ३, सुनसरी ।<br>हाल : दमक वडा नं. ४, झापा<br>बुवा : गोबिन्द्र श्रेष्ठ<br>पति : अशोक कुमार श्रेष्ठ<br>**कर्जा शिर्षक : रियल स्टेट कर्जा** | यस संस्थाको नाममा धनी कायम भई ऋणी **चन्द्रिका श्रेष्ठ**को नाममा दर्ता नाममा दर्ता रहेको दमक वडा नं. ०५, झापा स्थित कित्ता नं. ८५३३ को क्षेत्रफल ०-०-८.७५-० (विगाह) (१४८.१५ व. मि) को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नाम : अशोक कुमार श्रेष्ठ**<br>ठेगाना : दमक वडा नं.-०४, झापा<br>बुवा : गोपी लाल श्रेष्ठ<br>बाजेः भिमसेन श्रेष्ठ |

**शाखा कार्यालय : अत्तरिया, कैलाली**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **ऋणीः न्यू मदार जनरल स्टोर**<br>ठेगाना : जानकि गाउँपालिका -५, कैलाली<br>दर्ता नं. २९११९/०७७/७८<br>दर्ता मिती :२०७७/०६/१५<br>स्थायी लेखा नं. ६१३८५६५२८<br>**कर्जा शिर्षक : साना तथा मझैला कर्जा र क्यास केडिट कर्जा** | १.**मोहम्मद नासीम जागा(मुस्लीम)** को नाममा दर्ता रहेको पथरैया गा.वि.स. वडा नं. -०६, कैलाली, हाल जानकि गाउँपालिका वडा नं. ०५ कैलाली स्थित कित्ता नं. ६७४ को क्षेत्रफल ०-९-० को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।<br><br>२. **मकबुल अहमद जागा**को नाममा दर्ता रहेको टिकापुर वडा नं.-०९, हाल टिकापूर न.पा. वडा नं. ०१ कैलाली स्थित कित्ता नं. २४३१ को क्षेत्रफल २६१ ब.मि. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नामः मोहमद नासिम जागा (मुस्लिम)**<br>ठेगानाः कैलाली जिल्ला जानकि गाउँपालिका वडा नं. ०५<br>बुवाः कमर अलि जागा<br>बाजेः ओलिन दिन जागा<br>**नामः मकबुल अहमद जागा**<br>ठेगानाः कैलाली जिल्ला, जानकि गाउँपालिका वडा नं. ०५,<br>बुवाः कमर अलि जागा<br>बाजेः ओलिन दिन जागा<br>**नामः रुक्साना खातुन जागा**<br>ठेगानाः कैलाली जिल्ला, जानकि गाउँपालिका वडा नं. ०५<br>श्रीमानः मोहमद यूनुस जागा<br>ससुराः मकबुल अहमद जागा | **नामः तहिरा खातुन जागा**<br>ठेगानाः कैलाली जिल्ला जानकि गाउँपालिका वडा नं. ०५,<br>श्रीमान : मकबुल अहमद जागा<br>ससुराः कमर अलि जागा<br>**नामः साकुरुन निसा जागा**<br>ठेगानाः कैलाली जिल्ला जानकि गाउँपालिका वडा नं. ०५,<br>श्रीमानः मोहमद नासिम जागा (मुस्लिम)<br>ससुराः कमर अलि जागा<br>**नामः मोहमद यूनुस जागा**<br>ठेगाना : कैलाली जिल्ला, जानकि गाउँपालिका वडा नं. ०५,<br>बुवाः मकबुल अहमद जागा<br>बाजेः कमर अलि जागा |

**शाखा कार्यालयः दमक, झापा**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **नामः रोहन रामदाम**<br>ठेगानाः दमक-६, झापा<br>बुबाः लक्ष्मी रामदाम<br>बाजेः लाल बहादुर रामदाम<br>**कर्जा शिर्षकः व्यक्तिगत ओभरड्राफ्ट कर्जा** | **मैया देवी रामदाम (विश्वकर्मा)** को नाममा दर्ता रहेको साविक झापा जिल्ला दमक नगरपालिका वडा नं. ११ हाल झापा जिल्ला दमक नगरपालिका वडा नं. ०६ स्थित कित्ता नं. १६९ को क्षेत्रफल १६३.६२ ब.मि. को घर जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नाम : मैया देवी रामदाम (विश्वकर्मा)**<br>ठेगानाः झापा जिल्ला दमक नगरपालिका वडा नं. ११<br>हालको ठेगानाः दमक-६, झापा<br>बुवाः दिल बहादुर कामी<br>श्रीमान् : लाल बहादुर रामदाम | **नाम : कविता रामदाम**<br>ठेगानाः झापा जिल्ला दमक नगरपालिका वडा नं. ११<br>हालको ठेगाना : दमक-६, झापा<br>बुवाः धन बहादुर विश्वकर्मा<br>श्रीमानः लक्ष्मी रामदाम |
| २ **नाम : लक्ष्मी ज्वेलरी**<br>**प्रोप्राइटर : रोहन रामदाम**<br>ठेगानाः दमक- ७, झापा<br>दर्ता नं.: १६४४/१५५२१<br>**कर्जा शिर्षकः व्यवसायिक कर्जा** | | **नाम : लाल बहादुर रामदाम**<br>ठेगानाः दमक-६, झापा<br>बुवाः गम्भीर बहादुर विश्वकर्मा<br>बाजेः गन्के बहादुर विश्वकर्मा | **नाम : रिचा रामदाम**<br>ठेगानाः झापा जिल्ला दमक नगरपालिका वडा नं. ११<br>हालको ठेगानाः दमक-६, झापा<br>बुवाः लक्ष्मी रामदाम<br>बाजेः लाल बहादुर रामदाम |

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**Head Office:** Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

# यो वर्ष पनि नाडेप लघुवित्तले दिएन लाभांश

काठमाडौं (अस) । नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडका शेयरधनीहरूको निरन्तर तीन वर्ष हात खाली हुने भएको छ । आर्थिक वर्ष २०७७/७८ पछि लाभांश वितरण नगरेको कम्पनीले यस वर्ष पनि लाभांश वितरण नगर्ने निर्णय गरेको हो । वैशाख ३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्ष २०८०/८१ को लागि कुनै पनि लाभांश वितरण नगर्ने निर्णय गरेको हो । गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू आगामी वार्षिक साधारणसभाबाट पारित गर्नका लागि नेपाल राष्ट्र बैंक समक्ष स्वीकृति लिने निर्णय पनि सोही बैठकले गरेको छ ।

कम्पनीले हालसम्म तीन आर्थिक वर्ष लाभांश वितरण गरेको देखिन्छ । आर्थिक वर्ष २०७४/७५ मा १५ प्रतिशत बोनस शेयर र १ दशमलव ५८ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ), आर्थिक वर्ष २०७५/७६ मा १० प्रतिशत बोनस शेयर र आर्थिक वर्ष २०७७/७८ मा २० प्रतिशत बोनस शेयर र १ दशमलव शून्य ५३ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गरेको तथ्यांक छ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस *OM SHREE LAXMI ENTERPRISES* कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

THE FOLLOWING IS THE COST OF THE TV OF COMMERCIAL INVOICE NO: IN NEPALESE RUPEES

| S. N. | BRAND | TCL |
|---|---|---|
| 1 | MODEL NO | 65S11H-JN |
| 2 | TV | 65" |
| 3 | QUANTITY | 10.00 |
| 4 | UNIT PRICE (US$) | 97.00 |
| 5 | EXCHANGE RATE | 137.25 |
| 6 | NEPALESE RUPEES | 13313.25 |
| 7 | TOTAL PRICE | 133132.50 |
| 8 | BANK INTEEST AND OTHER EXPNSES | 6656.63 |
| 9 | TOTAL BEFORE TAX | 139789.13 |
| 10 | UNIT PRICE BEFORE TAX | 13978.91 |
| 11 | DUTY (30%) | 4193.68 |
| 12 | GROSS TOTAL | 18172.59 |
| 13 | ECS (10%) | 1817.26 |
| 14 | TOTAL AFTER TAX | 19989.85 |
| 15 | NOMINAL PROFIT (5%) | 999.49 |
| 16 | TOTAL | 20989.34 |
| 17 | RETAILERS PROFIT (10%) | 2098.93 |
| 18 | TOTAL | 23088.28 |
| 19 | VAT (13%) | 3001.48 |
| 20 | PER UNIT | 26089.76 |
| 21 | MRP PER UNIT (ROUND UP) | 29091 |

*विक्रेता फर्मको नाम : OM SHREE LAXMI ENTERPRISES* *Pan no: 600801658*
*ठेगाना : Kathmandu, Nepal* *Phone no: +977-9861176279*


# सान्भि इनर्जीको आईपीओ आजदेखि

काठमाडौं (अस) । सान्भि इनर्जी लिमिटेडले वैशाख ५ गतेदेखि पहिलो चरणको आईपीओ निष्कासन गर्न लागेको छ । नेपाल धितोपत्र बोर्ड (सेबोन)बाट सर्वसाधारणका लागि ३७ करोड ९० लाख रुपैयाँ बराबरको आईपीओ निष्कासनका लागि कम्पनीले अनुमति पाएको हो ।

कम्पनीले आफ्नो जारी पूँजी ८८ करोड रुपैयाँको आधारमा सर्वसाधारणका लागि ४३ दशमलव शून्य ७ प्रतिशत आईपीओ निष्कासनका लागि बोर्डको अनुमति पाएको हो । सर्वसाधारणमा जारी हुने कुल कित्ता आईपीओमध्ये कम्पनीले पहिलो चरणमा ८ लाख ८० हजार कित्ता आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूका लागि र २ लाख ९१ हजार कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गर्न लागेको हो ।

कम्पनीले प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यमा आईपीओ निष्कासन गर्न लागेको हो । दुवैतर्फका खरीदकर्ताहरूले न्यूनतम १० कित्तादेखि अधिकतम २० हजार कित्तासम्म माग गर्दै आवेदन दिन सक्नेछन् । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूमा छिटोमा वैशाख १९ गतेसम्म आईपीओ निष्कासन गरिनेछ भने सो अवधिसम्म माग बमोजिम आवेदन नपरेमा ढिलोमा जेठ ३ गतेसम्म निष्कासन लम्बिनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले भने वैशाख १९ गतेभित्र आवेदन पेश गर्नुपर्नेछ ।

कम्पनीको आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड रहेको छ । स्थानीय बासिन्दाले आयोजना स्थल, नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरूबाट आवेदन दिन सक्नेछन् । साथै, नबिल बैंकको फिक्कल शाखा कार्यालयबाट पनि आवेदन दिन सकिने व्यवस्था छ ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले पनि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरू र तिनका तोकिएका शाखा कार्यालयहरूसँगै मेरोशेयर अन्लाइनमार्फत आवेदन दिन पाउने व्यवस्था छ ।

यस कम्पनीले ७ दशमलव ६ मेगावाट क्षमताको जोगमाई खोला साना जलविद्युत् आयोजना निर्माण सम्पन्न गरी २०७४ वैशाख १८ गतेदेखि व्यापारिक उत्पादन शुरू गरिसकेको छ भने ५ दशमलव २ मेगावाट क्षमताको जोगमाई क्यासकेड जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छ ।

यो कम्पनी सञ्चित नाफामा सञ्चालन छ । गत आर्थिक वर्ष २०८०/८१ सम्मको वास्तविक वित्तीय विवरणअनुसार कम्पनी १० करोड ३८ लाख रुपैयाँभन्दा बढी सञ्चित नाफामा छ । सो अवधिसम्म कम्पनीको प्रतिशेयर नेटवर्थ १२० रुपैयाँ ७४ पैसा र प्रतिशेयर आम्दानी १७ रुपैयाँ ३ पैसा छ ।

# अपर तामाकोशीको अध्यक्षमा हितेन्द्र देव शाक्य



काठमाडौं (अस) । अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको अध्यक्षमा हितेन्द्र देव शाक्य चयन भएका छन् । चैत २१ गते नेपाल विद्युत् प्राधिरणको तर्फबाट कार्यकारी निर्देशक शाक्यलाई अपर तामाकोशी हाइड्रोपावरको सञ्चालकमा मनोनयन गरि पठाईएको थियो । चैत २९ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले शाक्यलाई सञ्चालक समितिको अध्यक्षका रूपमा सर्वसम्मत चयन गरेको जानकारी कम्पनीले दिएको छ ।

# गार्डियन माइक्रो लाइफको विशेष साधारणसभा स्थगित

काठमाडौं (अस) । गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको यही वैशाख ५ गतेका लागि बोलाईएको विशेष साधारणसभा स्थगित भएको छ । चैत २८ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने लगायतका प्रस्ताव पारित गर्न विशेष साधारणसभा आह्वान गरेको थियो ।

नेपाल बीमा प्राधिकरणको नियमन महाशाखाबाट वैशाख २ गतेको पत्रका आधारमा वैशाख ३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले उक्त सभा स्थगित गर्ने निर्णय गरेको हो ।

सर्वसाधारणमा आईपीओ निष्कासन तथा बाँडफाँट गरी ७५ करोड रुपैयाँ चुक्तापूँजी कायम गरिसकेको कम्पनीले सोही पूँजीको आधारमा शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने प्रस्ताव गरेको थियो । हकप्रद शेयरमार्फत १ अर्ब ५० करोड रुपैयाँ चुक्तापूँजी कायम गर्ने योजनामा रहेको कम्पनीलाई प्राधिकरणको निर्देशनले बाधा पुगेको हो ।

# प्रिमियम मूल्यमा एपेक्स हस्पिटालिटीको संस्थापक शेयर

काठमाडौं (अस) । एपेक्स हस्पिटालिटी लिमिटेडले प्रिमियम मूल्यमा १४ लाख ७५ हजार कित्ता संस्थापक शेयर विक्रीमा ल्याएको छ । कम्पनीले प्रतिकित्ता १३५ रुपैयाँमा वैशाख ४ गतेदेखि यी शेयर विक्रीमा ल्याएको हो । कम्पनीको जारी पूँजी अनुसार जगेडामा रहेको शेयर मूल्य यी शेयर कम्पनीले ३५ रुपैयाँ प्रिमियम थप गरेर विक्री गर्न लागेको हो ।

कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनीले प्रिमियम मूल्य सहित उल्लिखित कित्ता संस्थापक शेयर विक्री गर्न चैत ३१ गते स्वीकृति पाएको थियो । चैत ३१ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले यी शेयर विक्री गर्ने निर्णय गरेको हो । इच्छुक विद्यमान संस्थापक शेयरधनीहरूले चैत ४ गतेदेखि ७ दिनभित्र यी शेयर खरीदका लागि आवेदन पेश गर्नुपर्नेछ ।

तोकिएको अवधिभित्र विद्यमान संस्थापकहरूले शेयर खरीद माग नगरेमा दोस्रो चरणमा अन्य व्यक्ति तथा संस्थामा यी शेयर विक्री गरिने जानकारी कम्पनीले दिएको छ । आवेदन कम्पनीको केन्द्रीय कार्यालय नक्साल, काठमाडौंमा पेश गर्नुपर्नेछ ।


अनुसूची-५
दफा २१ (घ) सँग सम्बन्धित

## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले चाइनाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | ब्राण्ड | मोडेल | आकार/क्षमता | उत्पतिको मूलुक | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONER | SKYWORTH | SMVH12B-BI | 1 TON | CHINA | 1 | 59,400.00 | 59,400.00 | |

*विक्रेताको नाम : SMART APPLIANCES P LIMITED* *स्थायी लेखा नं. : 600821265*
*ठेगाना : DILLIBAZAR, KATHMANDU* *फोन नं. : 014443119*
KL DUGAR GROUP | Smart Appliances (P) Limited



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस *OM SHREE LAXMI ENTERPRISES* कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

THE FOLLOWING IS THE COST OF THE AC OF COMMERCIAL INVOICE NO: IN NEPALESE RUPEES

| S. N. | BRAND | TCL |
|---|---|---|
| 1 | MODEL NO | KFR-35G/RD3CA+B1 |
| 2 | AIR CONDITIONER SET | SET |
| 3 | QUANTITY | 10.00 |
| 4 | UNIT PRICE (US$) | 110.00 |
| 5 | EXCHANGE RATE | 137.25 |
| 6 | NEPALESE RUPEES | 15097.50 |
| 7 | TOTAL PRICE | 150975.00 |
| 8 | BANK INTEEST AND OTHER EXPNSES | 7548.75 |
| 9 | TOTAL BEFORE TAX | 158523.75 |
| 10 | UNIT PRICE BEFORE TAX | 15852.38 |
| 11 | DUTY (30%) | 4193.68 |
| 12 | GROSS TOTAL | 20046.06 |
| 13 | TOTAL AFTER TAX | 20046.06 |
| 14 | NOMINAL PROFIT (5%) | 1002.30 |
| 15 | TOTAL | 21048.36 |
| 16 | RETAILERS PROFIT (10%) | 2104.84 |
| 17 | TOTAL | 23153.19 |
| 18 | VAT (13%) | 3009.92 |
